कावा सभापति खड्काद्वारा पार्टीमा एकताका साथ अगाडि बढ्न आग्रह | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक २२५ • २०८२ साल पुस २९ गते मंगलबार (13 January, Tuesday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

### आज पार्टी केन्द्रीय समितिको बैठक

# विशेष महाधिवेशनबाट नयाँ नेतृत्व चयन गर्न खोजेपछि देउवालाई दबाब



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको दोश्रो विशेष महाधिवेशनमा नेतृत्व चयनको प्रक्रिया शुरु हुनै लाग्दा नेपाली कांग्रेसभित्र सहमतिका लागि अन्तिम कसरत जारी नै रहेको छ । विशेषगरी डा. शेखर कोइराला निकटका जिल्ला सभापतिहरू सहमतिका लागि तयार पारेको प्रस्तावमा सहमति जुटाउन नेता कोइराला सभापति देउवासंग तीव्ररुपमा छलफल अघि बढाएका छन् ।

सोमबार दिनभर एकातर्फ विशेष महाधिवेशनको बन्द सत्र चलिरहेको बेला अर्कोतर्फ नेता कोइरालाले सभापति शेरबहादुर देउवासंग सहमितका घनिभूत छलफल गरी मंगलबार विहान ११ बजे कांग्रेसले केन्द्रीय कार्यसमिति बैठक डाकेको छ ।

पार्टीको केन्द्रीय कार्यालय, बीपी स्मृति भवन, बीपी नगर ललितपुरमा बस्ने बैठकमा केन्द्रीय कार्यसमितिका पदाधिकारी, सदस्यहरु र सात वटै प्रदेशका सभापतिहरुको उपस्थितिका लागि अनुरोध गरिएको मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए ।

विशेष महाधिवेशनपक्षधर नेतृत्व चयन गर्ने गरी अगाडि बढेपछि सभापति देउवा मध्यमार्गी प्रस्तावबाट संकट पार लगाउन तयार भएका छन् । यसअघि महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मासहितका विशेष महाधिवेशनपक्षधरलाई बेवास्ता गरेर अघि बढ्ने मुडमा बढेका देउवा अन्ततः छलफलका लागि तयार भएका हुन् । १४औं महाधिवेशनको कार्यसमिति नै भंग गर्नेगरी बन्दसत्र अगाडि बढेपछि संस्थापनले गल्ने मुड बनायो ।

आफूनिकटका नेतासंगको छलफलका क्रममा सभापति देउवाले महामन्त्रीहरूसंग छलफल गर्न तयार भएको जानकारी कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले दिए ।

सभापति देउवाले निवासमा चरणबद्ध परामर्श गरेपछि यस्तो निष्कर्ष निकालेको नेता विश्वकर्माले बताए । यसअघिका पार्टीका हार्डलाइनर मानिएका विमलेन्द्र निधि, कृष्णप्रसाद सिटौला र डा. प्रकाशशरण महत देउवासंगको छलफलमा हावी हुँदै आएका थिए । तर विशेष महाधिवेशनपक्षधरले बहुमत जुटाउने स्थिति आएपछि मध्यमार्गी धारका नेताहरूले देउवालाई पार्टी फुट्नबाट जोगाउन अपिल गरेका छन् ।

सक्रिय राजनीतिबाट बिदा हुने बेलामा अपजसको भारी नबोक्न पनि निकटस्थहरूले सुझाएका थिए । त्यसपछि देउवा महामन्त्रीहरूसंग छलफल गर्न तयार भएका छन् । पछिल्लो समय रमेश लेखक, शशांक कोइराला, ज्ञानेन्द्रबहादुर कार्की, श्याम घिमिरे, मीन विश्वकर्मासहितका नेताले पार्टीलाई मिलाएर लैजानुपर्ने देउवालाई सुझाव दिएका छन् । विशेष महाधिवेशन निक्कै अगाडि बढेपछि मध्यमार्गी धारका नेताहरूले बन्दसत्रलाई समेत सेफ ल्याण्डिङ गराउन सक्नेगरी अघि बढ्नुपर्नेमा जोड दिए ।

सो छलफलपछि नेता डा. शशांक कोइरालाले पनि मिलाउने प्रयास भइरहेको स्पष्ट पारे । 'सभापतिले मिलाउने प्रयास भइरहेको छ

> नेता डा. शशांक कोइरालाले पनि मिलाउने प्रयास भइरहेको स्पष्ट पारे । "सभापतिले मिलाउने प्रयास भइरहेको छ भन्नुभएको छ," नेता शशांकले भने, " पार्टी कुनै पनि हालतमा पनि ब्रेक गर्न हुँदैन भन्ने कुरा भएको छ ।"

भन्नुभएको छ,' नेता शशांकले भने, 'पार्टी कुनै पनि हालतमा पनि ब्रेक गर्न हुँदैन भन्ने कुरा भएको छ ।'

बैठकपछि नेता ज्ञानेन्द्रबहादुर कार्कीले पनि वार्ता र संवादको ढोका खुला राखेको बताए ।

उक्त छलफलबाट बाहिरिँदै नेता श्याम घिमिरेले दुवै पक्षको जित हुनेगरी छलफल भइरहेको बताए । उनले भने, 'उहाँहरू पनि निमयित महाधिवेशनमा सहमत हुनुहुन्छ भन्ने हाम्रो विश्वास छ,' घिमिरेले अघि थप्दैं भने, "दुवैपक्षलाई विन विन हुनेगरी निकास खोज्नेबारे छलफल भइरहेको छ ।'

आफूनिकटका नेताअघि सभापति देउवाले डा. कोइराला, सहमहामन्त्रीहरू जीवन परियार, बद्री पाण्डे र डा. मीनेन्द्र रिजालसँग छलफल गरेका थिए । शेखर कोइरालाले पनि कांग्रेसलाई विभाजनबाट रोक्न देउवाको ध्यानाकर्षण गराए । देउवानिवास जानुअघि शेखरले आफूनिकटका नेता र कानुन व्यवसायीहरूसंगसमेत छलफल गरेका थिए । विशेष महाधिवेशन पक्षधरले बहुमतको निर्णय गरेर गए पनि वैधानिकताको लागि लामो कानुनी लडाइँ लड्नुपर्ने अडान एक पक्षको रहेको देखिन्छ ।

त्यस्तै अर्कोतिर मध्यमार्गी धारका नेताहरूले नयाँ विकल्पमा पनि तयार हुनुपर्ने गरी संवाद गरिरहको स्रोतको दाबी छ । यसअघि राष्ट्रियसभामा सभापति देउवा र नेता शेखर समूहले महामन्त्रीहरूलाई पेलेको थियो । तर पार्टी फुट्न सक्ने, सभापति देउवाको बहिर्गमन दुःखद हुने स्थिति आएपछि मध्यमार्गी विकल्प आएको समेत नेताहरू बताउँछन् ।

यस्ता विकल्पमा यस अघिदेखि चर्चामा आएको प्रतिनिधिसभा निर्वाचनको लागि टिकट बाँडफाँटमा सन्तुलन मिलाउने, समानुपातिक सूचीमा अझै पनि हेरफेर गर्ने र महामन्त्री थापालाई भावी प्रधानमन्त्रीको उम्मेदवार बनाउन सकिनेबारे पनि छलफल भइरहेको नेताहरु बताएका छन् ।

विशेष महाधिवेशनलाई मंगलबारको लागि पनि लम्ब्याएका थापा र शर्मा सहजै गल्ने पक्षमा भने छैनन् । नेतृत्वको मात्रै सवाल नभएको भन्दै महामन्त्रीद्वयलगायत पार्टीका कमजोरी केलाउनुपर्ने, विगतका गल्तीप्रति सच्चिने बोध गर्नुपर्ने जस्ता विषय उठाएका छन् ।

विशेष महाधिवेशनको हलले थापा र शर्मामाथि नेतृत्व नै चयन गरेर जानुपर्ने दबाब बढाएका छन् । ६३ प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधि उपस्थित भएपछि नेतृत्व चयन गरेर जानुपर्ने दबाब उनीहरुमाथि रहेको छ ।







## जनमतमा असन्तुष्टि बढ्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीको समानुपातिक बन्दसूचीबाट हट्नका लागि एकैपटकमा २० जनाले आवेदन दिएका छन् ।

निर्वाचन आयोगमा आवेदन दिएर आफ्नो नाम हटाएपछि जनमत पार्टीभित्रको असन्तुष्टि छताछुल्ल भएको छ । २० जना समानुपातिक उम्मेदवारले बन्दसूचीबाट आफ्नो नाम फिर्ता लिन सोमबार निवेदन दिएका छन् ।

आफ्नो नाम खसआर्य महिलातर्फ एक नम्बरमा रहे पनि पछि नेतृत्वले पैसा खाएर फेरबदल गरेको लक्ष्मी खड्काले आरोप लगाइन् ।

दुईजना महिलाबाट ३/३ करोड रुपैयाँ लिएर पहिलो र दोस्रो नम्बरमा राखेको उनले दाबी गरिन् ।

खस आर्य संघकी संयोजक खड्काले भनिन्, 'आर्थिक लेनदेन गरेर दुई जनालाई मभन्दा माथिल्लो क्रममा राखियो, नेतृत्वले ३/३ करोड रुपैयाँ लिएर सूचीमा गडबडी सूचना आएको छ ।'



# त्रिवि शिक्षण अस्पतालद्वारा स्वास्थ्य बिमा कार्यक्रम बन्द



काठमाण्डु । महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय (त्रिवि) शिक्षण अस्पतालले स्वास्थ्य बिमा कार्यक्रममार्फत उपचार सेवा बन्द गरेको छ । त्रिविले आगामी माघ १ गतेदेखि लागू हुनेगरी स्वास्थ्य बिमा कार्यक्रममार्फत दिइँदै आइएको उपचार सेवा बन्द गरेको हो ।

विसं २०७७ देखि नियमित रूपमा सञ्चालन गर्दै आएको स्वास्थ्य बिमा कार्यक्रममार्फत गरिने उपचार सेवा माघ १ गतेदेखि लागू हुनेगरी बन्द गरिएको अस्पतालका सूचना अधिकारी कालीप्रसाद रोस्याराले जानकारी दिनुभयो । उहाँले स्वास्थ्य बिमा बोर्डले स्वास्थ्य बिमा कार्यक्रममार्फत बिरामीको उपचार गरेबापतको भुक्तानी उपलब्ध नगराएपछि सेवा सञ्चालन गर्न नसकिएको बताउनुभयो । आन्तरिक स्रोतबाट अस्पतालले सबै किसिमका दैनिक खर्च व्यहोर्नुपर्ने हुँदा मासिक रु दुई करोड नोक्सान हुने भएपछि स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गर्न नसकिएको सूचना अधिकारी रोस्याराको भनाइ छ ।

"स्वास्थ्य बिमाबाट उपचारमा आउने बिरामी सङ्ख्या तथा चाप दिनहुँ वृद्धि हुँदै गएको छ । यसबाट मासिक रु पाँच करोड हाराहारीको खर्च हुनेमा बिमा बोर्डबाट ५० प्रतिशत मात्र दाबी स्वीकृति गरी बाँकी अस्वीकृत गर्दै आएको छ । हालसम्म अस्पतालको बिमा दाबी रकम करिब रु ४० करोड भुक्तानी बाँकी छ" अस्पताल प्रशासनद्वारा जारी सूचनामा उल्लेख गरिएको छ ।

अस्पतालमा आउने बिरामीको उपचार क्रममा बिमा बोर्डको र अस्पतालको दररेट शुल्क फरक भएको बताउँदै सूचना अधिकारी रोस्याराले अस्पताल प्रशासनले बारम्बार 'अस्पतालको रकमलाई अन्तिम मानिदिनु' भनी दुई वर्षदेखि गरेको आग्रहको कुनै सुनवाइ नभएको उल्लेख गर्नुभयो ।

**नसर्ने रोग रोकथाम गर्न प्राथमिकता दिनुपर्छः स्वास्थ्यमन्त्री डा गौतम**

यसैबीच, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा सुधा गौतमले नसर्ने रोगको रोकथामलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभएको छ । नसर्ने रोग र मानसिक स्वास्थ्यसम्बन्धी विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को दक्षिणपूर्वी एसिया क्षेत्रको क्षेत्रीय सम्मेलनलाई आज यहाँ सम्बोधन गर्दै उहाँले अस्वस्थ जीवनशैली, खानपिनलगायत कारणले पछिल्लो समय नसर्ने रोगीको सङ्ख्या बढ्दै गएकाले यसको उपचार लागतले सरकारमाथि ठूलो आर्थिक भार पारिरहेको बताउनुभयो । "सरकारको खर्चको सबैभन्दा ठूलो हिस्सा नसर्ने रोगको उपचारमा खर्च गर्दै आएको देखिन्छ । धेरैजसो खर्च रोकथामको सट्टा उपचारमा निर्देशित छ", उहाँले भन्नुभयो, "नसर्ने रोगको उपचारभन्दा पनि रोकथामलाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ । क्यान्सर र मुटु जस्ता रोगको उपचारमा वार्षिक अर्बौं रुपैयाँ खर्च गरिन्छ । जबकी रोकथाम कार्यक्रम कमजोर रूपमा सञ्चालन भएका छन् ।"

मन्त्री डा गौतमले नसर्ने रोग रोकथाम गर्न जीनवशैली र खानपिनमा जोड दिनुपर्ने बताउँदै यसबाट दीर्घकालीन लागतलाई उल्लेखनीय रूपमा घटाउन र जनस्वास्थ्य परिणाम सुधार गर्न सकिने धारणा राख्नुभयो ।

उहाँले सहरी क्षेत्रमा तुलनात्मक रूपमा छिटो उपचार सेवा उपलब्ध भए पनि ग्रामीण र गरिब नागरिक उपचारबाट बञ्चित भइरहेका बताउनुभयो ।

नेपालमा ७१ प्रतिशत नसर्ने रोगका बिरामी रहेका अनुमान गरिएको छ । काठमाडौँ महानगरपालिकाकी उपप्रमुख सुनिता डङ्गोलले मानसिक स्वास्थ्य नदेखिने महामारीका रूपमा देखापरेको बताउनुभयो । उहाँले जनचेतना, स्वस्थ जीवनशैली, खाद्य सुरक्षा, योग र ध्यान जस्ता रोकथामका उपायलाई प्राथमिकतामा राखेर महानगरले स्वास्थ्य सेवा पुऱ्याइरहेको जानकारी दिनुभयो ।

डब्लुएचओको दक्षिणपूर्वी एसिया क्षेत्रको नसर्ने रोग एलान्सका कार्यक्रम संयोजक डा मनिता प्याकुरेलले नसर्ने रोग रोकथाम गरी नागरिकलाई स्वास्थ्यसुरक्षा प्रदान गर्न सरकारले प्रभावकारी संयन्त्र बनाएर कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो ।

नसर्ने रोग (एनसिडी) एलायन्स जेनेभाका प्रतिनिधि लिन्डा सेंक मार्कोभाले नसर्ने रोगको प्रभावकारी रोकथाम गर्न सचेतना आवश्यक पर्ने धारणा राख्नुभयो । कार्यक्रममा भारत, श्रीलङ्का, बङ्गलादेश, माल्दिभ्स, इन्डोनेसिया, थाइल्याण्ड, म्यान्मार, मलेसिया, जेनेभालगायत ११ देशका नसर्ने रोगसँग सम्बन्धित काम गर्ने जनस्वास्थ्यविद्हरू सहभागी छन् ।रासस

# नेपाल रेडक्रस सोसाइटीको वार्षिक साधारणसभाद्वारा संशोधित मस्यौदा विधान पारित



काठमाण्डु । नेपाल रेडक्रस सोसाइटीको विधान संशोधन र केन्द्रीय सभाको वार्षिक साधारणसभाले संस्थाको संशोधित मस्यौदा विधान, २०८२ लाई सर्वसम्मतिले पारित गरेको छ । विधानको मूल मर्म, रेडक्रसका सिद्धान्त, प्रचलित कानुन तथा अन्तरराष्ट्रिय मान्यतासँग मेल खाने गरी संस्थाको संशोधित विधान तयार पारिएको जनाइएको छ ।

हालै चितवनको सौराहामा सम्पन्न सस्थाको साधारणसभाले पारित सो विधानले दीर्घकालीन संस्थागत समस्या समाधान, सुशासन सुदृढीकरण र संस्थाको गरिमा पुनःस्थापना गर्न कोशेढुङ्गाको काम गर्ने जनाइएको छ । साथै सो सभालाई नेपाल रेडक्रसको इतिहासमा एक निर्णायक चरणका रूपमा लिइएको छ ।

संशोधित विधान तयार गर्नेक्रममा नेपाल सरकारका मापदण्ड र सुझावसहित रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तरराष्ट्रिय महासङ्घ (आइएफआरसी) को राय लिएको जनाइएको छ । संशोधित विधान संस्थालाई परिवर्तित, गतिशील, पारदर्शी र समसामयिक हुन महत्वपूर्ण हुने विश्वास गरिएको छ ।

सभाको बन्द सत्रमा महामन्त्री मीनबहादुर मल्लद्वारा संशोधित विधानसहित सोसाइटीको आव २०८१/८२ को वार्षिक प्रतिवेदन तथा चालु आव २०८२/८३ को प्रस्तावित कार्यक्रम प्रस्तुत गरिएको थियो भने कोषाध्यक्ष लोकदर्शन श्रेष्ठद्वारा आव २०८१/८२ को आर्थिक तथा लेखापरीक्षण प्रतिवेदन तथा चालु आव २०८२/८३ को बजेट सभा समक्ष पेस गर्नुभएको थियो ।

यस अगाडि सभाको शुभारम्भसत्रमा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय तदर्थ समितिका अध्यक्ष विनोदकुमार शर्माले विधान संशोधन तथा वार्षिक साधारणसभा संस्थाको भविष्य सुनिश्चित गर्ने ऐतिहासिक अवसर भएको बताउनुभयो । सदस्य डा गङ्गाधर अधिकारीले रेडक्रसको असहज परिस्थितिको समाधानका लागि विधान संशोधन र निर्वाचनमार्फत नयाँ कार्यसमिति चयन गर्नु अपरिहार्य रहेको स्पष्ट पार्दै तदर्थ कार्यसमितिले ९० दिनको कार्यादेश प्राप्त गरी जिम्मेवारीपूर्वक काम गरिरहेको उल्लेख गर्दै रेडक्रसको महिमा र गरिमा जोगाउन सबैले एकताबद्ध भएर हातेमालो गर्नुपर्नेमा जोड दिनुभयो ।

पूर्वमहामन्त्री पीताम्बर अर्याललले पारदर्शिता, सुशासन र नैतिक आचरणबिना संस्था बलियो हुन नसक्ने जनाउँदै सबै रेडक्रसकर्मीमा पारदर्शिता र प्रतिबद्धता अनिवार्य रहेको धारणा व्यक्त गर्नुभएको थियो । पूर्वउपमहामन्त्री हरि न्यौपानेले रेडक्रसले विगतमा थुप्रै आरोह अवरोह पारगरेको स्मरण गर्दै अब सबै मिलेर यसको साख र गरिमा बचाउनुपर्नेमा जोड दिनुभयो ।

पूर्वअध्यक्ष सञ्जिव थापाले समयानुकूल सुधार आवश्यक भए पनि विधानको मूल मर्ममा आँच नआउने गरी संशोधन गर्नुपर्नेमा जोड दिँदै सबै प्रतिनिधिलाई एक ढिक्का भएर विधान पारित गर्न आह्वान गर्नुभयो । पूर्वअध्यक्ष डा नेत्र तिम्सिनाले रेडक्रसको विधान संशोधनका लागि आफ्नो कार्यसमितिले सक्दो प्रयास गरे पनि जटिल अवस्थाबाट गुज्रनुपरेको स्मरण गर्दै सभाप्रति आफूले अपनत्व लिएको र सभाले विगतका तिततता मेटाउँदै आपसी सौहार्दपूर्ण वातावरण सिर्जना गरेको अनुभूति व्यक्त गर्नुभयो ।

रेडक्रसको अन्तरराष्ट्रिय समिति (आइसीआरसी) का नेपाल प्रमुख सन्देश श्रेष्ठले सबै पक्ष मिलेर रेडक्रसको अन्तरराष्ट्रिय साख र विश्वास जोगाउनुपर्नेमा जोड दिनुभयो । रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तरराष्ट्रिय महासङ्घ (आइएफआरसी) का नेपाल प्रमुख डेभिड फिसरले रेडक्रसको अन्तरराष्ट्रिय मापदण्ड, सिद्धान्त र मानवीय मूल्यअनुसारको व्यवस्था संशोधित विधानमा समेटिनु आवश्यक रहेको सुझाव दिनुभयो ।

केन्द्रीय तदर्थ कार्यसमितिका सदस्य कान्ती राजभण्डारीले सभालाई सफल बनाउन महत्वपूर्ण भूमिका खेलेको चितवन जिल्ला शाखाप्रति विशेष धन्यवाद व्यक्त गर्दै सम्पूर्ण सहभागीहरूप्रति आभार प्रकट गर्नुभयो । विधान संशोधन छानबिन समितिका संयोजक तथा केन्द्रीय तदर्थ समितिका उपाध्यक्ष हरिप्रसाद बराललले प्रस्ताव छानबिन समितिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । सभाको समापन समारोहमा रेडक्रस कास्की जिल्ला शाखाका सभापति उर्मिला खड्काले आफू महिला भएकै कारण सभापतिसम्म पुग्नका लागि धेरै कसरत गर्नपरेको स्मरण गर्दै पारित भएको विधानले महिला सहभागिता ३३ प्रतिशत सुनिश्चित गर्ने काम गरेकोप्रति खुसी व्यक्त गर्नुभयो ।

लुम्बिनी प्रदेश अध्यक्ष लालप्रसाद पङ्गेनीले पारित भएका निर्णयहरूले स्वयंसेवकको भावना, मर्म र योगदानलाई सही रूपमा आत्मसात् गरेको विश्वास व्यक्त गर्नुभयो । उहाँले विधान संशोधन तथा वार्षिक साधारणसभाले संस्थागत सुदृढीकरण, आपसी सौहार्द र भविष्यप्रति स्पष्ट मार्गनिर्देशन दिएको बताउनुभयो । चितवन जिल्ला शाखा सभापति हरिप्रसाद पौडेलले आफ्नो जिल्लाले महत्वपूर्ण कार्यक्रम आतिथ्यता गर्न पाएकामा खुसी व्यक्त गर्नुभयो ।

सभामा नेपाल रेडक्रस सोसाइटीको निमित्त कार्यकारी निर्देशक मोना अर्याललले सोसाइटीद्वारा सञ्चालित मानवीय सेवाका गतिविधिमाथि जानकारी दिनुभएको थियो । सभामापूर्व सोसाइटीका महामन्त्रीहरू दीपेन्द्र ढकाल, पूर्वउपमहामन्त्री हरिप्रसाद न्यौपानेलगायतका पूर्वपदाधिकारीहरू, सातै प्रदेश र ७७ वटै जिल्लाका २५४ सभासद् तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । साथै केन्द्रीय तदर्थ कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू, राष्ट्रिय तथा अन्तरराष्ट्रिय साझेदार संस्थाका प्रतिनिधि सहभागिता थियो ।रासस

# निर्वाचन आचारसंहिता कार्यान्वयनमा शून्य सहनशीलता अपनाइन्छ : प्रमुख निर्वाचन आयुक्त भण्डारी

काठमाण्डु । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन आयोगले सजायमुखी निर्वाचन आचारसंहिता जारी गरेकाले कार्यान्वयनमा शून्य सहनशीलता अपनाइने बताउनुभएको छ ।

मुख्य निर्वाचन अधिकृत एवं निर्वाचन अधिकृतका लागि सोमबारदेखि सुरु भएको निर्वाचन सञ्चालन तथा व्यवस्थापनसम्बन्धी दुई दिने अभिमुखीकरण कार्यक्रम उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै उहाँले आचारसंहितालाई कडाइका साथ पालना गराउनुपर्नेमा जोड दिनुभयो । राजनीतिक दलका उम्मेद्वारले अरुले निर्वाचन आचारसंहिता उल्लङ्घन गरे भन्दै दोष देखाएर आफूले नै बढी आचारसंहिता पालना नगर्ने गरेकाले यसतर्फ मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको ध्यान जानुपर्ने बताउनुभयो ।

आयोगका आयुक्तको संयोजकत्वमा रहेको केन्द्रीय आचारसंहिता अनुगमन समितिले कडा रुपमा आचारसंहिता पालना गराउने उहाँले सुनाउनुभयो । २०७९ सालभन्दा पहिले जस्तो आचारसंहिता उल्लङ्घनलाई छुट दिने खालको नभएको कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताउनुभयो । निर्वाचन आयोगका काँधमा निर्विकल्प रुपमा निर्वाचन गर्नुपर्ने दायित्व आएकाले मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरुको पनि सामूहिक दायित्व भएको पनि उहाँले सुनाउनुभयो ।

निर्वाचन विथोल्ने व्यक्तिलाई छुट दिन नहुने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीको भनाइ छ ।"निर्वाचन पर्यवेक्षकले अनेक गतिविधि गर्लान्, त्यसको अनदेखा गर्ने छुट पनि हामीलाई छैन, विगतमा पर्यवेक्षण गर्नेले उम्मेद्वारका पक्षमा गतिविधि गर्न थालेपछि कारबाही गरेर पर्यवेक्षण अनुमति खारेज गरी देश निकाला गरिएको थियो, यसैले पर्यवेक्षकको पनि अनुगमन गर्नुहोला, निर्वाचन कानुन र आचारसंहिता विपरीतका काम गरे कारबाही गर्नुहोला, त्यसको जानकारी आयोगमा पनि पठाउनुहोला"-कार्यवाहक प्रमुख आयुक्त भण्डारीले भन्नुभयो ।

कानुनको व्याख्या गलत ढङ्गले गर्ने, निर्वाचनको प्रक्रिया गलत गर्ने र कानुन उल्लङ्घन गर्नेलाई छुट दिनु नहुने उहाँले बताउनुभयो । रासस

# माघ २ गते २८औँ भूकम्प सुरक्षा दिवस मनाइँदै

काठमाण्डु । सरकारले आगामी माघ २ गते देशभर २८औँ भूकम्प सुरक्षा दिवस मनाउने तयारी गरेको छ ।'सबै तहका सरकार, सबै नागरिकको तयारी, भूकम्प उत्थानशील नेपाल अबको जिम्मेवारी' भन्ने मूल नाराका साथ यस दिवस देशव्यापी रूपमा मनाइने शहरी विकास तथा भवन निर्माण विभागले जनाएको छ ।

विभागद्वारा सोमबार आयोजित पत्रकार सम्मेलनमा महानिर्देशक इ रविन्द्र बोहराले काठमाडौँ महानगरपालिकास्थित खुलामञ्चमामूलसमारोहआयोजनागरिने जानकारी दिनुभयो । उहाँकाअनुसार दिवसका दिन बसन्तपुरबाट सुरु हुने भूकम्प सुरक्षा ऱ्याली आकाशभैरव, इन्द्रचोक र असन हुँदै खुलामञ्च पुग्नेछ । ऱ्यालीपछि प्रधानमन्त्रीको प्रमुख आतिथ्यमा औपचारिक कार्यक्रम आयोजना हुनेछ । सोही स्थानमा दुई दिने भूकम्प सुरक्षा प्रदर्शनी पनि सञ्चालन गरिनेछ । प्रदर्शनीमा विपद् जोखिम न्यूनीकरण क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूको सहभागिता रहने बताइएको छ ।



भ ू क म्प सुरक्षा दिवसकाअवसरमा देशभर प्रदेश, जिल्ला र स्थानीय तहमा गोष्ठी, अन्तरक्रिया, सचेतनामूलक कार्यक्रम, ऱ्याली, प्रदर्शनी, प्रतियोगिता, रक्तदान, सडक नाटक तथा अडियो भिडियो सामग्रीमार्फत व्यापक जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि सबै सरकारी कार्यालय र सुरक्षा निकायलाई निर्देशन जारी भइसकेको विभागले जनाएको छ । महानिर्देशक बोहराले भूकम्पका बेला जनधनको ठूलो क्षति कमजोर घर तथा संरचना भत्किँदा हुने भएकाले सुरक्षित भवन निर्माण नै सबैभन्दा प्रभावकारी पूर्वतयारी भएको बताउनुभयो । "यसका लागि राष्ट्रिय भवन संहिता पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्छ । नयाँ निर्माण तथा पुराना घरको प्रबलीकरण गर्दा भूकम्प प्रतिरोधी मापदण्ड अनिवार्य लागू गर्नुपर्छ," उहाँले भन्नुभयो ।

विभागका अनुसार भवन संहिता कार्यान्वयन, प्राविधिक तालिम, अनुगमन तथा अनुसन्धानलाई तीव्र बनाइएको छ । काठमाडौँ उपत्यकाका सात स्थानीय तहमा 'बिल्डिङ स्ट्रक्चर वर्कफ्लो' पाइलट परीक्षण सफल भएपछि देशभर नक्सा पास प्रणालीलाई एकीकृत रूपमा लागू गर्ने तयारी भइरहेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले भूकम्प तथा अन्य विपद्बाट प्रभावित परिवारलाई सुरक्षित आवासका लागि अनुदान र प्राविधिक सहयोग प्रदान गर्ने कार्यविधि कार्यान्वयनमा ल्याएको छ ।

साथै, आपतकालीन सामग्री भण्डारण, खोज तथा उद्धार तयारी, पुनर्निर्माण तथा पुनस्थापनासम्बन्धी कार्यहरू पनि निरन्तर अघि बढाइँदै आएको विभागले जनाएको छ ।

सरकारले भूकम्प जोखिम न्यूनीकरणलाई राष्ट्रिय प्राथमिकताका रूपमा अघि बढाउँदै सुरक्षित निर्माण, पूर्वतयारी, प्रतिकार्य र पुनस्थापनालाई अझ प्रभावकारी बनाउने लक्ष्यसहित भूकम्प सुरक्षा दिवस मनाउन लागिएको जनाएको छ ।रासस

# नेपालमा एक वर्षमा प्रेस स्वतन्त्रता हननका १२१ घटना




काठमाण्डु । नेपालमा एक वर्षमा प्रेस स्वतन्त्रतता हननका १२१ घटना घटेको पाइएको छ ।प्रेस काउन्सिल नेपालले सोमबार एक प्रेस विज्ञप्ति जारी गर्दै काउन्सिलमा दर्ता भएका निवेदन र नियमित अनुगमनका आधारमा प्रेस स्वतन्त्रता हननसम्बन्धी घटनाहरूको अभिलेखन गर्ने क्रममा सन् २०२५ जनवरी १ देखि सन् २०२५ डिसेम्बर ३१ सम्ममा उक्त सङ्ख्यामा प्रेस स्वतन्त्रता हननका घटना घटेको जनाएको हो ।

सबैभन्दा बढी धम्की दुर्व्यवहार का ५० घटना अभिलेख भएका छन् । यसैगरी आक्रमण कुटपिटका ३७, पेसागत असुरक्षाका १५, कब्जा/अवरोधका नौ, पक्राउ प्रयासका पाँच, शङ्कास्पद मृत्युका दुई, नीतिगत बन्देजका दुई र लैङ्गिक हिंसाका एक घटना अभिलेख भएका छन् ।प्रदेशअनुसार अनुगमन गर्दा सबैभन्दा बढी बागमती प्रदेशमा ६२, मधेस प्रदेशमा २७, सदरपश्चिममा आठ, कोशीमा सात, लुम्बिनी र गण्डकीमा ६/६ र कर्णालीमा पाँच घटना घटेका छन् । लैङ्गिक आधारमा एक वर्षभरिमा १९० पुरुष र १० महिला गरी २०० जना पत्रकार/सञ्चारमाध्यमलाई प्रेस स्वतन्त्रता प्रयोग गर्न अवरोध गरिएको देखिएको काउन्सिलले जनाएको छ ।रासस

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आज आत्मविश्वास बढ्ने दिन छ । काममा नयाँ जिम्मेवारी आउन सक्छ । |
| वृष : | धैर्य र स्थिरताले काम सफल हुन्छ । अधुरो काम पुरा हुने संकेत छ । |
| मिथुन : | आज विचार धेरै आउने दिन हो । बोलीचालीमा संयम आवश्यक छ । |
| कर्कट : | भावनात्मकरुपमाबलियोमहसुसहुन्छ। घरपरिवारको साथले खुशी मिल्छ । |
| सिंह : | नेतृत्व क्षमता देखिने दिन हो । मानसम्मान बढ्ने योग छ । |
| कन्या : | साना कुरामा ध्यान जाने दिने हो । काममा प्रशंसा पाउने सम्भावना छ । |
| तुला : | सन्तुलन कायम राख्नुपर्ने दिन हो । निर्णय गर्दा हतार नगर्नुहोस् । |
| वृश्चिक : | आत्मबल बढ्ने संकेत छ । गोप्य योजना सफल हुन सक्छ । |
| धनु : | नयाँ कुरा सिक्ने मौका मिल्छ । यात्राको सम्भावना देखिन्छ । |
| मकर : | मेहनतको फल पाइने दिन हो । जिम्मेवारी बढ्न सक्छ । |
| कुम्भ: | नयाँ सोच र योजना आउने दिन हो । |
| मीन : | भावनाले निर्णय गर्न सकिन्छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सर्लाहीको मलङ्गवा नगरपालिका-२, जिल्ला प्रहरी कार्यालयमा निर्वाचन प्रहरीमा भर्नाका लागि आवेदन दिनेको भिड । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सर्लाहीमा ३ हजार ९२६ निर्वाचन प्रहरी भर्ना गरिने छ। सर्लाहीका चार निर्वाचन क्षेत्रमा खटाउन योग्य नेपाली नागरिकबाट माघ १ गतेसम्म दरखास्त आह्वान गरिएको छ। *तस्बिरः रासस*

# एन्फाको निर्वाचन गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न आदेश

काठमाण्डु । उच्च अदालत पाटनले अखिल नेपाल फुटबल सङ्घ (एन्फा)को निर्वाचन गर्ने निर्णय तत्कालका लागि कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ।

न्यायाधीश कृपासुर कार्कीको एक इजलासले सोमबार एन्फाको निर्वाचनसम्बन्धी कुनै पनि कार्य नगर्नु नगराउन अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो ।



“उम्मेदवारी दर्ता फारम बुझ्नेलगायत निर्वाचन सम्बन्धीको अन्य कुनै पनि कार्य नगर्नु नगराउनु भनी विपक्षीको नाउँमा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरिएको छ”, आदेशमा भनिएको छ । एन्फाले आगामी माघ २८ गते निर्वाचन हुने तालिका सार्वजनिक गरेको थियो । अदालतले दुवै पक्षको छलफलका लागि आगामी माघ ६ गते पेशी तोकिएको छ।

अमित खत्रीले राष्ट्रिय खेलकुद परिषद्लाई विपक्षी बनाइ दायर गरेको रिट निवेदनमा आगामी असार ४ गतेसम्म वर्तमान कार्यसमितिको कार्यकाल रहेकाले अग्रिम चुनाव नगर्न आदेश माग गरिएको थियो ।

अदालतले आधार, कारण र प्रमाण भए सवूद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र विपक्षीले आफैं वा आफ्नो कानुनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र निवेदनपत्रको प्रतिलिपि साथै राखी विपक्षीका नाममा म्याद सूचना जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु भनेको छ ।रासस

## काउन्सिलद्वारा अन्तरराष्ट्रिय सञ्चारमाध्यमका पत्रकारहरूसँग छलफल

काठमाण्डु । प्रेस काउन्सिल नेपालले आज पत्रकार आचारसंहिता कार्यान्वयनबारे अन्तरराष्ट्रिय सञ्चारमाध्यमका पत्रकारहरूसँग छलफल गरेको छ।

छलफलमा वरिष्ठ पत्रकार युवराज घिमिरेले आचारसंहिताको महत्त्वबारे प्रकाश पार्नुभएको थियो। कार्यक्रमका सहभागीहरूले नेपालमा रिपोर्टिङ गर्दाको जटिलता, आचारसंहिताको पालनाका विषयमा आआफ्नो धारणा राखेका थिए।

दूरदर्शन र एआइआर प्रतिनिधि श्वेता सिंह, एएफपीका प्रतिनिधिद्वय प्रकाश माथेमा र पावन माथेमा, इन्डिया टुडे समूहका पंकज दास, डब्ल्यूआइओएनकी सलोनी मुरारका, चाइना मिडिया ग्रुपकी वर्षा (झाङ युए), प्रेस ट्रस्ट अफ



इन्डिया (पीटीआई) का शिरीष बी प्रधान, निम्जेनका रजनिश भण्डारी तथा एसिया प्यासिफिक डेलीकी प्रतिनिधि सृष्टि काफ्लेलगायतले छलफलमा आफ्ना भनाइ राखेका थिए।

प्रेस काउन्सिल नेपालका अध्यक्ष डा कुमार शर्मा आचार्यको प्रमुख आतिथ्यता र काउन्सिलको अन्तरराष्ट्रिय सम्बन्ध उपसमितिका संयोजक कुमारी निमा काफ्लेको सभापतित्वमा अन्तरक्रिया सम्पन्न भएको थियो।

कार्यक्रममा काउन्सिलका सदस्य भीमलाल श्रेष्ठलगायतले प्रेस काउन्सिल नेपालले गरिरहेको अनुगमन, आचारसंहिता पालनाको अवस्था र सूचना तथा प्रसारण विभागबीचको सम्बन्धबारे जानकारी गराएका थिए ।रासस

# सासूको उत्प्रेरणाले “मिनिल्याप” गराउँदै बुहारीहरू

महोत्तरी ।सुन्दरपुरवासीले पारिलो घामको रापमा आनन्द लिन नपाएको झन्डै महिनादिन बितिसकेको छ । हुनतः यो याम मधेसमा मध्य शीतलहर हुने समय हो। विशेष गरेर साँझ बिहान चल्ने चिसो सिरेटोसँगै शीतले दैनिकीलाई अत्यन्त कष्टकर बनाउँदछ । जिल्लाको अति दुर्गम यस भेग पनि शीतलहरबाट अछुतो छैन, चिसोको क्रम झन् बढ्दो छ। दिनका समय घुरमाइलो हुन्छ।

टोलमा फाट्टफुट्ट मात्र मानिसको आवतजावत देखिन्छ। शीतलहरको चिसोमा सोनमा गाउँपालिका-३ रघनाथपुरकी छ दशक पार गरेकी सनिचरी राउतको अन्तरआत्मा रापिलो देखिन्छ । उहाँ अत्यन्त खुसी देखिनुहुन्छ। उद्घाटन गर्न पनि नभ्याएको सोनमा-७ सुन्दरपुरस्थित आधारभूत स्वास्थ्य सेवा केन्द्रको पक्की भवन हेर्न मात्र पनि उहाँ दिनको एकपटक यहाँ आउनुहुन्छ।

भवनका प्राङ्गणमा भेटिनुभएकी महिला अगुवा राउतले रमाउँदै भन्नुभयो “ठन्डी त कति आए, कति गए। गाउँमै डाक्टर, उपचार, औषधि पाउने दिन देख्न पाइएला जस्तो लागेको थिएन। अब सामान्य बिरामी भएर पनि अकालमा मर्न नपर्ला । गाउँमै स्वास्थ्य सेवा पाउँदा रमाइलो लागेको छ।”

महिला स्वयंसेविका कार्यक्रमको सुरुआती दिनदेखि अविछिन्न सेवामा तल्लीन हुँदै आइरहेकी ६५ वर्षीया राउत (दलित/अतिविपन्न) आफ्नो समुदायको पहिलो महिला स्वयंसेविका हुन्। उहाँका अनुसार गाउँमा सामान्य बिरामी पर्दा कम्तीमा एक/दुई घण्टाका स्वास्थ्य संस्थामा जानुपर्दथ्यो । जिल्लाको अति दुर्गमभित्र पर्ने यो गाउँमा ‘सुख र दुःखकी आमा’ कहलिएकी उहाँले भन्नुभयो, “म जिम्मेवारीबाट हटे पनि काम गर्न छाडेको छैन। मन मान्दैन । गाउँ नडुलेका दिन राम्ररी निद्रा लाग्दैन।”

गाउँका अधिकांशलाई पायक पर्ने स्थानमा बनेको नयाँ स्वास्थ्य चौकीको भवनबाट गत हप्ता मात्र आधारभूत सेवा थालनी भएको थियो । यही अवसरमा यहाँ जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीले गाउँपालिकाको समन्वयमा मेरी स्टोप्स (एमएसआई), सुनौलो परिवार नेपालको प्राविधिक सहयोगमा निःशुल्क ‘एकीकृत परिवार योजना शिविर’ यही पुस २४ र २५ मा सञ्चालन गरेको थियो । महिला स्वयंसेविका राउतले भन्नुभयो, “मेरी पाँच बुहारीमध्ये तीनवटीले ‘मिनिल्याप’ गराइसके, चौथो बुहारीले पनि गराउँदै छिन्।”



सो स्वास्थ्य केन्द्रमा कार्यरत जनस्वास्थ्य अधिकृत विश्वेश्वर रामका अनुसार शिविरको पहिलो दिन स्वयंसेविका राउतले सन्तानको रहर पुगेका ६ जना महिलालाई शिविरमा ल्याएर ‘मिनिल्याप’ गराउन सहजीकरण र समन्वय गर्नुभएको थियो भने दोस्रो दिन आफ्नी बुहारीसहित तीन जनालाई ल्याउनुभएको थियो । सनिचरीकी ३० वर्षीया बुहारी मनतोरियाले हरेक वर्ष जस्तै पाँच सन्तानलाई जन्म दिनुभयो । तीन छोरी र दुई छोराकी आमा उहाँले भन्नुभयो, “सासूआमाले सन्तानको रहर पुगेको भए, स्थायी बन्ध्याकरण गर भन्नुभयो, श्रीमान्ले सहमति दिनुभयो, सासूआमाको साथ लिएर शिविरमा आएकी हुँ । स्थायी बन्ध्याकरण मिनिल्याप गराउँदछु। गाउँभन्दा अन्यत्र जान नपर्ने, पैसा नलाग्ने भएकाले शिविरमा आएँ।”

स्वयंसेविका सनिचरीले गाउँमा बन्ध्याकरण शिविर आउने जानकारी टोलका घरघरमा छ-सात दिनसम्म डुलेर भनेकी थिइन् । सन्तानका रहर पुगेका सबैजसो पुरुष र महिला एवं तिनका अभिभावकलाई भेट गरेकी थिइन । उहाँले भन्नुभयो, “पहिला पहिला मलाई सन्तानको रहर पुगेपछि अस्थायी साधन प्रयोग गर्नुपर्छ, स्थायी बन्ध्याकरण गर्नुपर्छ, परिवार नियोजनको साधन प्रयोग गर्नुपर्छ भनेर सिकाउँदा पिट्न आउँथे, टोलमा नआउनु भन्ने धम्की दिन्थे। अहिले बन्ध्याकरण शिविर कहिले आउँछ भनेर सोध्दछन् । परिवार नियोजनका अस्थायी साधन छ भनेर माग्दछन्। अझै पनि पुरुष स्थायी बन्ध्याकरण गराउन मान्दैनन् । स्थायी बन्ध्याकरण सेवा लिन बर्दिवास, गौशाला अथवा जनकपुर जानुपर्दथ्यो । भारतमा गएर पनि बन्ध्याकरण गराउँथि । अहिले गाउँमा शिविर आउँदा सजिलो त हुने नै भयो।”

सोनमा-७ सुन्दरपुरकी चार छोरी र दुई छोराकी आमा तोरिया साह घर नजिकै बन्ध्याकरण शिविर सञ्चालन भएकाले स्थायी बन्ध्याकरणको सेवा लिन आएको बताउनुहुन्छ। अन्यत्र भए जानुहुन्नथ्यो र ? जवाफमा उहाँले भन्नुभयो, “श्रीमान् घर हुनुहुन्न, बालबच्चा कसलाई छाडेर जाने ? स्वयंसेविका सनिचरीले स्थायी बन्ध्याकरण गराऊ केही हुन्न भन्नुभयो । श्रीमान्लाई फोन गरेर सोधेँ हुन्छ भन्नुभयो। आफन्तलाई घर कुर्न राखेर यहाँ आएँ ।” सोनमा-६ तरहारी टोलकी दुई छोरा एक छोरीकी आमा रुवी यादव आफ्नी नन्द रुकमणी यादव स्वास्थ्यकर्मी भएकाले शिविरमा आएको बताउनुभयो । रुवीले भन्नुभयो, “नन्दले सन्तानको रहर पुगेको भए स्थायी बन्ध्याकरण गर केही हुन्न भन्नुभयो, के गर्नु श्रीमान्ले स्थायी बन्ध्याकरण गर्न मान्नुहुन्न । गाउँमै शिविर आउँदा सजिलो हुन्छ भन्नुभयो, म जिम्मा लिन्छु भन्नुभयो। ”

जनस्वास्थ्य अधिकृत राम आफ्नो टोलमा विपन्न/दलित समुदाय (मुसहर)को पहिलो स्वास्थ्यकर्मी हुनुहुन्छ । उहाँ भन्नुहुन्छ, “स्वास्थ्य सेवासम्बन्धी समुदायमा सचेतना विस्तारै बढ्दैछ। परिवार व्यवस्थापनअन्तर्गत स्थायी बन्ध्याकरण/अस्थायी साधनको प्रयोगका बारेमा खुलेर कुरा गर्न थालेका छन् । पहिला पहिला त यस्ता सेवाको पुहुँच थिएन, अहिले सेवा छ, जानकारी नहुँदा केही समस्या छ, यसलाई विस्तारै अन्त्य गर्दैछौँ । ‘भ्यासेक्टोमी’ गराएमा श्रम गर्न सकिँदैन, बल घट्छ भन्ने अझै पनि यहाँ गलत मान्यता रहेको छ। यसलाई अन्त्य गर्न समस्या छ।”

एमएसआई/सुनौलो परिवार नेपालका तर्फबाट शिविरको संयोजन गर्नुभएकी प्रतिमा आचार्यले विकट क्षेत्रका विपन्न समुदायलाई परिवार व्यवस्थापनको सेवालाई पहुँचमा ल्याउन समन्वकारी माध्यमबाट सम्भव भएको बताउनुभयो । उहाँले भन्नुभयो, “यस्ता शिविरमा सेवाग्राही ल्याउन महिला स्वयंसेविका, स्वास्थ्यकर्मी, गाउँका अगुवाको महत्त्वपूर्ण सहयोग गरेका हुन्छन् । हामी प्राविधिक सहयोग गर्दछौँ । ‘मिनिल्याप’ सेवा लिने धेरै हुन्छन् ‘भ्यासेक्टोमी’ न्यून हुन्छन्।”

**शिविर सञ्चालनका पर्खाइ**

ग्रामीण क्षेत्रमा बन्ध्याकरणको शिविर सञ्चालनका पर्खाइमा बसेकाहरूका लागि निःशुल्क एकीकृत परिवार व्यवस्थापनको शिविर अति महत्त्वपूर्ण भएको छ। सोनमा गाउँपालिका, स्वास्थ्य शाखा प्रमुख विनोद साह नियमित सेवा उपलब्ध गराउन नसक्ने अवस्थामा शिविरमार्फत प्रदान गरिने बन्ध्याकरण सेवा विपन्न र ग्रामीण क्षेत्रमा महत्त्वपूर्ण हुने बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ “अझै पनि स्थायी बन्ध्याकरण सेवाका लागि यस्ता शिविरको उपयोगिता घटेको छैन। शिविरमा किन पुरुष ‘भ्यासेक्टोमी’ सेवा आउँदैनन् भन्ने कुरामा सचेतना बढाउनुपर्छ। ”

शाखामा कार्यरत सिनियर अहेव अमृत यादवका अनुसार हालसम्म गाउँपालिकामा ‘बर्थिङ सेन्टर’ छैन। यहाँबाट गौशाल नगर अस्पताल अथवा शम्शी प्राथमिक स्वास्थ्य केन्द्र जानुपर्ने अवस्था रहिआएको छ । गाउँपालिकाले सोनमा-७ सुन्दरपुरस्थित आधार भूत स्वास्थ्य सेवा केन्द्रलाई नै ‘बर्थिङ सेन्टर’ बनाउने तयारी गरेको बताइएको छ।

मधेस प्रदेश, स्वास्थ्य निदेशक सरोजचन्द्र न्यौपाने एमएसआई/सुनौलो परिवार नेपालसँगको प्राविधिक सहकार्यमा सम्बन्धित पालिकासँगको सहकार्यमा प्रदेशमा एकीकृत परिवार योजना शिविर प्रभावकारी सञ्चालन गर्दै आएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “समन्वकारी भूमिकामा सञ्चालन भइरहेका यस्ता बन्ध्याकरण शिविरबाट अति दुर्गम क्षेत्रका अति विपन्न समुदायले पायक पर्ने स्थानमा सेवा पाएका छन्। शिविरको प्रभावकारीता वृद्धि भएको छ। यस्ता शिविरमा विशेष गरेर ‘मिनिल्याप’ सेवा लिनेको सङ्ख्या धेरै छ। ‘भ्यासेक्टोमी’ सेवा लिने सङ्ख्यामा अत्यन्त कम छ । यसलाई बढाउनुपर्छ।”

उहाँका अनुसार यस्ता शिविरमा परिवार योजनाका सम्पूर्ण साधनहरूको सेवा निःशुल्क उपलब्धता हुन्छ। ती सेवाअन्तर्गत परिवार योजनाका स्थायी माध्यम ‘मिनिल्याप’ (महिला बन्ध्याकरण), ‘भ्यासेक्टोमी’ (पुरुष बन्ध्याकरण), परिवार योजनाका लामो अवधि काम गर्ने आइयुसिडी, इम्प्लान्ट र छोटो अवधि काम गर्ने परिवार योजनाका साधनहरू तीनमहिने सुई (डिपो), खानेचक्की पिल्स र कण्डम पर्दछन् । स्वास्थ्य कार्यालय महोत्तरीका प्रमुख नवलकिशोर साहले पछिल्ला समय साझेदारी ढाँचामा परिवार योजना शिविर सञ्चालन भएको र यसको प्रभावकारिता देखिएको जानकारी दिनुभयो । उहाँले यही पुस ४ गतेदेखि जिल्लाका १५ वटै पालिकाका ११ स्थानमा शिविर सञ्चालन भइरहेको बताउनुभयो। उहाँका अनुसार यस्ता शिविरमा ८७४ जनालाई सेवा लिने लक्ष्य लिइएको छ।

परिवार योजना एवं सुरक्षित गर्भपतन सेवा प्रदान गर्दै आएको एमएसआई नेपालका वरिष्ठ सल्लाहकार केपी उपाध्याय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, परिवार कल्याण महाशाखाले परिवार व्यवस्थापन सेवाअन्तर्गत एकीकृत परिवार योजना शिविर सञ्चालनको ‘मोडालिटी’ ले विशेष गरेर विपन्न समुदायसम्म परिवार योजनाको सेवाको पहुँच पुऱ्याउने काम गरेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, “हामी जिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालयले पालिका तहहरूसँग समन्वय र सहकार्यमा शिविर सञ्चालन गर्न प्राविधिक सहयोग गर्दछौँ। यसका लागि ती निकायसँग समझदारी गर्दछौँ।”

उहाँका अनुसार समझदारीमा कुन निकायले के सेवा प्रदान गर्ने भन्ने कुरा स्पष्ट उल्लेख गरिएका हुन्छन् ।रासस

# नसर्ने रोगको रोकथाम सरकारको प्राथमिकतामाः स्वास्थ्यमन्त्री डा गौतम

काठमाण्डु ।, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा सुधा गौतमले नसर्ने रोगको रोकथामलाई सरकारले प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभएको छ । नसर्ने रोग र मानसिक स्वास्थ्यसम्बन्धी विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को दक्षिण-पूर्व एसिया क्षेत्रको क्षेत्रीय सम्मेलनलाई सोमबार यहाँ सम्बोधन गर्दै उहाँले नसर्ने रोगको उपचार लागत बढ्दो अवस्थमा रहेकाले सरकारमाथि ठूलो आर्थिक भार पारिरहेको समेत बताउनुभयो।

“सरकारले नसर्ने रोगको उपचारमा धेरै रकम खर्च गरिरहेको छ, त्यसमा धेरैजसो रकम रोकथामको सट्टा उपचारमै खर्च भइरहेको अवस्था छ”, मन्त्री डा गौतमले भन्नुभयो, “क्यान्सर र मुटु रोगजस्ता रोगहरूको उपचारमा वार्षिक अर्बौं रुपैयाँ खर्च गरिन्छ, अब उपचारभन्दा पनि रोकथामलाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ।”

उहाँले नसर्ने रोगको रोकथामलाई सुदृढ गर्न दीर्घकालीन लागतलाई उल्लेखनीय रूपमा घटाउन र जनस्वास्थ्य परिणाम सुधार गर्न सकिने बताउनुभयो । सहरी क्षेत्रमा तुलनात्मक रूपमा छिटो उपचार सेवाहरू उपलब्ध भए पनि ग्रामीण र गरिब जनसङ्ख्याले उपचार सेवा नपाइरहेको उहाँको भनाइ थियो।

काठमाडौँ महानगरपालिकाकी उपप्रमुख सुनिता डङ्गोलले मानसिक स्वास्थ्य समस्या नदेखिने महामारीका रूपमा देखापरेको बताउनुभयो। उहाँले जनचेतना, स्वस्थ जीवनशैली, खाद्य सुरक्षा, योग र ध्यानजस्ता रोकथामका उपायहरूलाई प्राथमिकतामा राखेर महानगरले स्वास्थ्य सेवा पुऱ्यारहेको बताउनुभयो । डब्लुएचओको दक्षिणपूर्वी एसिया क्षेत्रको नसर्ने रोग एलान्सका कार्यक्रम संयोजक डा मनिता प्याकुरेलले नसर्ने रोगको रोकथामका लागि सरकारले बलियो संयन्त्र बनाउनुपर्नेमा जोड दिनुभयो। रासस


अन्तर्गत न्यायालय,

**जिला न्यायाधीश-XI**

**दरभंगा।**

**प्रोवेट वाद संख्या-२२/०९**

हकियत वाद संश्या-२/१३

भवेश कुमार भाष्कर ....................................वादी

**बनाम**

कृष्ण नन्दन कुमार साह एवं अन्य .......................प्रतिवादी

**सूचना बनाम**:- रामाशंकर साह, पे० स्व० युगल किशोर साह निवासी ग्राम- कुर्था, पोस्ट- कुर्था उत्तरवारी टोला, भाया- जनकपुरधाम, जिला-धनुषा (नेपाल), पिन कोड नं०-४५६००

चूँ उपरोक्त वाद में कौशल्या देवी की मृत्यु के पश्चात् आपको पक्षकार बनाया गया जिसमें आपके उपस्थिति हेतु न्यायालयद्वारा सामान्य एवं निबंधित सूचना भेजा गया जिससे वाद की जानकारी होने के पश्चात् भी आप उपस्थित नहीं हुए जिससे वाद की अग्रिम कार्यवाही बाधित है।

अतः इस प्रकाशन के माध्यम से आपको सूचित किया जाता है कि आप दिनांक १९.०१.२६ को १०:३० बजे असलातन या वकालतन उपस्थित होकर जो भी आपत्ति दाखिल करना हो करे। अन्यथा आपके विरूद्ध उचित आदेश पारित कर दिया जाएगा।

इसे आवश्यक समझे।

मेरे हस्ताक्षर एवं न्यायालय के मुहर से जारी किया गया।

जिला न्यायाधीश-XI
दरभंगा।
०५/०१/२६



**मधेश प्रदेश सरकार**

**शिक्षा तथा संस्कृति मन्त्रालय**

**जनकपुरधाम, धनुषा, नेपाल**

**छात्रवृत्ति / शैक्षिकवृत्ति कार्यक्रममा आवेदन पेश गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/०९/२९**

संघीय विशेष अनुदान कार्यक्रमको शैक्षिक विकासका लागि विशेष शैक्षिक परियोजना अन्तर्गत मधेश प्रदेश भित्र संचालित सामुदायिक विद्यालयका देहाय बमोजिमको विद्यार्थीहरूलाई सम्बन्धित स्थानीय तहले छनौट गरी सिफारिस गरेको आधारमा माध्यमिक तह (कक्षा ९ देखि १२ सम्म) मा अध्ययनरत विद्यार्थीहरूलाई मात्र देहायको शर्तमा प्रति विद्यार्थी रू. २,२००/- अक्षरेपी दुई हजार दुई सय रुपैया मात्र छात्रवृत्ति/शैक्षिकवृत्ति सम्बन्धित विद्यार्थीकै बैंक खातामा वितरण गरिने भएकोले सूचना प्रकाशन भएको मितिले १५ दिन (२०८२ माघ १३ गते) भित्र छनौट गरी सम्बन्धित स्थानीय तहले यस मन्त्रालयमा पठाई दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।


**शर्तहरू**

१. यस कार्यक्रममा महानगरपालिकाको लागि १९२ जना, उपमहानगरपालिकाको लागि १०० जना, गाउँपालिका र नगरपालिकाको लागि ६९ जना विद्यार्थीहरूलाई सम्बन्धित स्थानीय तहले आफ्नो सरहद भित्रका विद्यालयसमेत संग समन्वय गरी विद्यार्थी छनौट र सिफारिस गर्नुपर्नेछ।

२. उल्लेखित कार्यक्रममा दलित सीमान्तकृत, विशेष संरक्षण आवश्यक रहेका, आर्थिक रूपले विपन्न, अपाङ्गता भएकाहरूलाई समावेश गराई अन्य सरकारी छात्रवृत्ति कार्यक्रममा नसमेटिएकामात्र विद्यार्थीहरूको नामनामेसी विवरण सहित सम्बन्धित स्थानीय तहले EMIS नम्बर र विद्यार्थीको बैंक खाता नं खुल्ने कागजात सहित यस मन्त्रालयमा सिफारिस गर्नुपर्नेछ।

३. स्थानीय तहमा निर्धारित संख्या भन्दा बढी छात्रवृत्तिको लागि आवेदन परेमा निर्धारित संख्या मात्र सम्बन्धित स्थानीय तहले यस मन्त्रालयमा सिफारिस गर्नुपर्नेछ। निर्धारित संख्या भन्दा बढी आवेदन परेमा निर्धारित संख्या छनौट गर्ने अधिकार सम्बन्धित स्थानीय तहको शिक्षा युवा तथा खेलकूद शाखालाई हुनेछ।

**यस सम्बन्धी थप जानकारीको लागि शाखा अधिकृत रामहृदय यादव - ९८४०९८८५८६**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### कांग्रेस महाधिवेशनको सन्देश

देशको सबै भन्दा पुरानो र ठूलो लोकतान्त्रिक पार्टी नेपाली कांग्रेसको इतिहासमा दोस्रो पटक विशेष महाधिवेशन भएको छ । जेन- जी आन्दोलनले पुराना नेतृत्वलाई विस्थापित गर्न हरेक दलमा दबाब बढाए पनि अन्य दलहरुमा त्यसको खासै प्रभाव नपरे पनि नेपाली कांग्रेसमा गम्भीर असर परेको देखिन्छ । कांग्रेस स्थापनाको केही वर्षपछि विशेष महाधिवेशन भएको थियो । त्यसपछि दोस्रो विशेष महाधिवेशन भएको छ । पहिलो विशेष महाधिवेशनले नेतृत्व हस्तान्तरणका लागि भएको थियो । दोस्रो विशेष महाधिवेशन नेतृत्वलाई विस्थापित गर्न भएको छ । दोस्रो विशेष महाधिवेशनमा ५६ प्रतिशत बढी महाधिवेशन प्रतिनिधिको सहभागिता रहेको दाबी गरिएको छ । महाधिवेशनमा बहुमत प्रतिनिधिको सहभागिता रहेकोले बैधता पाउने दाबी आयोजकको छ । आयोजकले दाबी गरे अनुसार नेपाली कांग्रेसको विशेष महाधिवेशनमा हालसम्म २ हजार ६ सय ६२ जना प्रतिनिधि सहभागी भएका छन् । देशभर कांग्रेसका कुल ४ हजार ७ सय ४३ जना महाधिवेशन प्रतिनिधि छन् । जसमध्ये २ हजार ६ सय ६२ जना सहभागी रहेको आयोजकहरुले आधिकारिक सूचना मार्फत दाबी गरेका छन् । निर्वाचन आयोगले महाधिवेशनमा बहुमत प्रतिनिधिको उपस्थितिले गर्ने निर्णयलाई मान्यता दिन सक्छ । अथवा त्यो प्रमाणित गराउन भौतिक उपस्थिति खोज्न सक्छ । त्यो विषय अलग हो । तर कांग्रेसको नेतृत्व विस्थापित गर्न युवाहरु मात्र नभइ काका पुस्ता समेत अगाडि आएका छन् । प्रतिनिधि सभाको लागि चुनावको प्रक्रियाहरु अगाडि बढिसकेको छ । समानुपातिक तर्फका उम्मेदवारहरुको सूची निर्वाचन आयोगमा दर्ता भइसकेको छ । फागुन २१ गते हुने निर्वाचनको अब ५२ दिन मात्र बाँकी छ । विशेष महाधिवेशनले कांग्रेसमा पार्न सक्ने प्रभाव हेर्न बाँकी छ । नेतृत्व परिवर्तनको दबाब एमाले र नेपाली कम्युनिष्ट पार्टी(नेकपा) मा पनि थियो । नेकपाले एक दर्जन बढी दल र नेताहरुसित एकता गरी प्रचण्डको नेतृत्वलाई जोगाएको छ । एमालेका अध्यक्ष केपी ओलीले महाधिवेशन नै गरी नेतृत्व परिवर्तन चाहनेहरुलाई पार्टीबाट पाखा लगाइदिएका छन् । एमालेमा पनि नेतृत्व परिवर्तनको आवाज सशक्त रुपमा उठेको थियो । ओली विरुद्ध उम्मेदवारी पनि परेको थियो । तर त्यो पक्ष कमजोर रहेको थियो । एमालेमा ओली विधान समेत संशोधन गरी अध्यक्ष बनेपछि कांग्रेस सभापति शेरबहादुर देउवाले पनि त्यो पथमा जान खोजे । तर कांग्रेसमा त्यो हुन सकेन । कांग्रेस पार्टीमा नेतृत्वप्रति चरम असन्तुष्टि देखिएको सिद्ध भएको छ । विशेष महाधिवेशनले कांग्रेस लोकतान्त्रिक पार्टी रहेकोले नेतृत्व विस्थापितका लागि विशेष महाधिवेशन आह्वान गर्नेहरुलाई कुनै प्रकारको कारबाही गरिएको छैन । नेताहरुले लोकतन्त्रको सम्मान गरेका छन् । विशेष महाधिवेशन रोकेर चुनावपछि नियमित महाधिवेशन गर्न सहमति नजुटेपछि विस्फोटक स्थिति आएको हो । यसले अन्य दलका काका पुस्ताका नेताहरुले शिक्षा लिन आवश्यक छ ।

# स्थानीय विकास र वर्तमान समाज



महेशदत्त भट्ट

पछिल्लो समय हाम्रो सार्वजनिक बहसमा सबैभन्दा धेरै सुनिने बाक्य हो-“देशमा विकास भएन, केही भएन।” चिया पसलदेखि संसद्सम्म, सामाजिक सञ्जालदेखि गाउँका चौतारासम्म यही टिप्पणीहरु सुन्न पाइन्छ । यो बाक्य आज व्यक्तिगत असन्तुष्टिभन्दा बढी समाजको सामूहिक मानसिकताको प्रतिनिधि बनेको छ । विकासलाई हामीले लामो समयदेखि सडक, भवनजस्ता भौतिक संरचना र बजेटको आकारमा मात्र मापन गर्दै आएका छौं । जहाँ कालोपत्र छैन, त्यहाँ राज्य छैन भन्ने अनुभूति बन्यो । जहाँ ठूला संरचना देखिएनन्, त्यहाँ परिवर्तन भएको मानिँदैन । यही सीमित दृष्टिकोणले सामाजिक, शैक्षिक, स्वास्थ्य, सञ्चार, विद्युत्, बैंकिङ सेवा, ग्रामीण सडक, सामुदायिक वन लगायतका विभिन्न क्षेत्रमा भएका सुक्ष्म तर महत्वपूर्ण प्रगतिलाई ओझेलमा पार्दै लग्यो ।

सङ्घीय लोकतान्त्रिक व्यवस्थापछि जनताका अपेक्षा स्वाभाविक रूपमा बढे । परिवर्तन छिटो र प्रत्यक्ष देखिनुपर्छ भन्ने चाहना गलत पनि होइन । अपेक्षा र यथार्थबीचको यही दूरीले निराशा जन्मायो र त्यो निराशा “केही भएन” भन्ने नकारात्मक भाष्यका रूपमा व्यक्त हुन थाल्यो । विकासका कयौं प्रयासहरू अधुरा र कमजोर पनि छन् । विद्यालय भवन बने तर शिक्षाको गुणस्तर उस्तै रह्यो । स्वास्थ्यचौकी स्थापना भयो तर सेवा प्रभावकारी भएन । बजेट खर्च भयो तर जनजीवनमा प्रत्यक्ष अनुभूति आएन । सबै कुरा शून्य छ भन्ने भाष्य पनि समाजका लागि उत्तिकै खतरनाक छ । यसले नागरिकलाई उदासिन बनाउँछ, सकारात्मक प्रयासलाई निरर्थक ठहर गर्छ र भविष्यप्रतिको आशा क्षीण बनाउँछ । निरन्तर नकारात्मक भाष्यले लोकतान्त्रिक पद्दति र सहभागिता कमजोर पार्नुका साथै सामाजिक असन्तोषलाई अझ गहिरो बनाउन सक्छ । “देशमा विकास भएन, केही भएन” भन्ने बाक्य गुनासोको रूपमा उपयोगी हुनसक्छ तर स्थायी भाष्यका रूपमा होइन ।

यसलाई सुधारका लागि दबाब, जिम्मेवारीको माग र सकारात्मक परिवर्तनको आधार बनाइयो भने मात्र यो बाक्य समाज रूपान्तरणतर्फ उन्मुख हुनसक्छ । समाजमा अझै पनि तमाम गरिबी छ, समाजमा रोग छ, भोक छ, शोक छ, आर्थिक अभाव छ, बेरोजगारी छ । समाज गरिबीले पिल्सिएको छ । राज्यको सेवा प्रवाहमा तमाम त्रुटि र ढिलासुस्ती रहिआएको कुरा स्वीकार गर्नुपर्छ तर समाजका केही पनि भएको छैन ? यो कुरा पूर्णरुपमा सत्य होइन । यही नकारात्मकताले भएका सकारात्मक प्रयास पनि गिजोलिएका छन् । पछिल्ला दशकमा केही अवस्य भएको छ । केही नभएको पनि छ । गिलास आधा रित्तो छ भन्नुभन्दा पनि आधा भरिएको छ भन्ने कोणबाट सुरु गऱ्यो भने नकारात्मकतालाई छोडेर सकारात्मकतातर्फ जान सकिन्छ । केही त अवस्य भएको छ भन्ने कुरा केही उदाहरणबाट सुरु गरौं । २०५४ सालमा बैतडीको दक्षिणी गाउँ विशालपुरदेखि सडक जोडिएको स्थान देहिमाडौँसम्म पूरै दिन लाग्थ्यो । अहिले अढाइ घण्टामा छोटिएको यो दुरी छिचोल्न त्यो बेला दुई दिने पैदलयात्रा गर्नुपर्थ्यो । २०५८ सालमा देशले सङ्कटकालको सामना गरिरहेको थियो । देश अन्तरद्वन्द्वको दलदलमा फसेको बेला सिङ्गो समाज असुरक्षित थियो । राज्यका सबै सेवा सुविधाहरु सदरमुकाम केन्द्रित थिए । हुलाक सेवा अवरुद्ध थियो । दूरसञ्चार सेवामा करिब पाँच प्रतिशत मानिसको मात्र पहुँच थियो । सहरका विद्यालय बन्द, हड्तालले आक्रान्त थिए । विद्युतीकरणको अभावमा बस्तीहरु अन्धकार थिए । प्राविधिक शिक्षालयहरुको स्थापना हुनसकेको थिएन ।

उच्च शिक्षा हासिल गर्न जिल्ला बाहिर जानुपर्ने स्थिति थियो । जिल्ला सदरमुकाममा मात्र सीमित इन्टरनेट मुस्किलले ५६ केविपिएसको गतिमा चल्थ्यो । समान्य बिरामी हुँदा पनि भारतको पिथौरागडमा जानुपर्ने स्थिति थियो । सदरमुकामको मूल सडक नै धुलाम्मे र हिलाम्मे थियो । ग्रामीण सडकको सुरुआत भएकै थिएन । बैंकिङ सेवा लिन सदरमुकामको एकमात्र राष्ट्रिय वाणिज्य बैंक थियो, जहाँ लामो लाइन लाग्नुपर्थ्यो । सामाजिक अन्याय र उत्पीडनका घट्नामा पहुँच नभएका नागरिकले सहेर बस्नुपर्ने स्थिति थियो । बालबालिकाले दुई घण्टाको लामो बाटो हिँडेर स्कुल जानुपर्थ्यो । समयमा पाठ्यपुस्तक विद्यालयमा पुग्न सक्दैनथे । गर्भवतीको ज्यान बचाउन अस्पतालसम्म पुग्न स्ट्रेचर अभाव थियो । एम्बुलेन्सको अनुहारै देख्न नसकिने अवस्था थियो । अहिलेको अवस्थामा लोककथा झैं लाग्ने यो कुरा धेरै पुरानो होइन, करिब दुई दशकअघि अनुभव गरेको यथार्थ हो ।




**विकासमा फड्को मार्दै बैतडी**

आजमाथि उल्लेखित धेरैजसो समस्याको समाधान भएको छ तर पूर्ण भएको छैन । आम नागरिकको जनजीवनमा प्रत्यक्ष प्रभाव पार्ने र उनीहरुको दैनिकी सजिलो पार्ने धेरै काम भएका छन् ? चर्चा गरौं । दुई दशक अघि ट्र्याक मात्र खोल्न सुरु भएको बैतडीको दक्षिणी क्षेत्र तल्लो स्वराड जोड्ने सडक आधा कालोपत्र भइसकेको छ । पाटनबाट पञ्चेश्वर जोड्ने ६४ किलोमिटर पाटन-पञ्चेश्वर सडकको ४५ किलोमिटर खण्ड कालोपत्र भइसकेको छ । उत्तर-पूर्वी क्षेत्र पुरचौडी श्रीभावर-हाट कालोपत्र सडकको पहुँचमा पुग्दैछ । देहिमाण्डौँ-गिरेगडा सडक, सतबाँज-श्रीभावर सडक, महाकाली करिडोर, सिल्लेगडा-पुर्चौडी सडक, खोचेलेक-रिम, गोकुलेश्वर-डिलाशैनी-पुर्चौंडी, सलेना-देहिमाण्डौं सडक सञ्चालनमा आएका छन् । सेरा-झुलाघाट, पोखरा-ढुङ्गाड-गर्जे, दुदिलाखान-गाँजरी-कुर्चेनेटा, दुदिलाखान-गाँजरी-धौलाडी-ठूलोकाठा, सुल्लेखान-शर्माली-नागार्जुन, खाल-देहिमाण्डौं-शर्माली सडक, सेरा-नगरौं-धामीगाउँ-मठैराजलगायत अन्य थुप्रै वडादेखि पालिका जोड्ने ग्रामीण सडकमा ट्र्याक खुलेर अधिकांशमा सवारी चल्न थालेका छन् ।

केही वर्ष अघिसम्म विज्ञान विषय अध्ययन गर्न कि त धनगढी र महेन्द्रगर झर्नुपर्ने कि छिमेकी देशको पिथौरागढ सहर जानुपर्ने बाध्यता थियो । आज नेपाल सरकारले विज्ञान विषय प्रवर्द्धन कार्यक्रमअन्तर्गत जिल्लाका दुई वटा विद्यालयमा आवासीय सुविधा र प्रोत्साहनका लागि नगदसमेत दिने कार्यक्रम सञ्चालन गरेको छ । कयौं ठाउँमा घरमै बसेर उच्च शिक्षा अध्ययन सम्भव भएको छ । स्नातक तह अध्ययनका लागि सुदूरपश्चिम विश्वविद्यालयका जगन्नाथ बहुमुखी क्याम्पस, मणिलेक बहुमुखी क्याम्पस र पाटन बहुमुखी क्याम्पस आङ्गिक क्याम्पसहरुका रुपमा सञ्चालनमा छन् । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी आठ क्याम्पस सञ्चालनमा रहेका छन् । जगन्नाथ बहुमुखी क्याम्पस र श्रीकोट बहुमुखी क्याम्पसमा स्नातकोत्तर तहको पढाइ हुन्छ । विभिन्न विद्यालयमा प्राविधिक शिक्षाका कक्षा सञ्चालनमा रहेका छन्, जसले प्राविधिक, व्यावसायिक शैक्षिक जनशक्ति उत्पादन भइरहेको छ । सार्वजनिक सेवा विकेन्द्रकरणका गर्ने लक्ष्यका साथ सरकारले पुर्चौंडी नगरपालिकामा इलाका प्रशासन सञ्चालनमा ल्याएको छ । मेलौलीमा इलाका प्रशासन स्थापना हुने क्रममा छ ।

यसैगरी विद्युत् र सञ्चार क्षेत्रमा पनि ठूलो फड्को मारिएको छ । दुई दशकअघिसम्म सदरमुकाममा आएर मात्र बिजुली देख्न पाइने अवस्था थियो । त्यो बेला सदरमुकाम, पाटन र केही लघुजलविद्युत्मार्फत जिल्लाको नगन्य क्षेत्रमा बत्ती बलेको थियो । २०४२ सालमा सीमानाका झुलाघाटबाट छ सय किलोवाट विद्युत् सदरमुकाम क्षेत्रका लागि विस्तार सुरु गरिएको हो । २०५५/५६ सालमा नेपाल विद्युत् प्राधिकरणको ३३ केभि प्रसारण लाइन विस्तार कार्य प्रारम्भ भयो । अहिले २६ हजार ९०८ घरघुरीमा बत्ती बलेसँगै जिल्लाको करिब ८० प्रतिशत विद्युतीकरण भइसकेको छ र बाँकी कार्य निर्माणक्रममा छ । दुई दशक अघि ५६ केबिपिएसमा चल्ने इन्टरनेट अहिले एक सय एमबिपिएसको गतिमा चल्ने भएको छ । मानिसका हातहातमा मोबाइल, इन्टरनेट सुविधा पुगेको छ, । जिल्लाको करिब ९० प्रतिशत भूभाग दूरसञ्चार सेवाको पहुँच आएको छ । जिल्लाभरि विद्युतीकरणसँगै यो सेवामा गुणस्तर थपिने अपेक्षा गर्न सकिन्छ ।

विसं २०६० सम्म थोरै घरहरुमा मात्रै शौचालयको प्रयोग हुन्थ्यो । प्रायः मानिस खुल्ला ठाउँमा दिसा गर्थे । यसका कारण झाडापाखाला, हैजा, टाइफाइड, जण्डिस, दूषित पानी र खानाबाट महामारी फैलिएर वार्षिक रुपमा कयौं बालबालिकाको मृत्यु हुन्थ्यो । गर्भवतीको स्वास्थ्य जोखिममा थियो । बाल मृत्युदर उच्च थियो । सामान्य उपचार गर्न पनि छिमेकी देश भारतको पिथौरागढ र तराईका जिल्ला दर्गुनुपर्ने बाध्यता पनि कम हुँदै गएको छ । पालिकास्तरमा अस्पताल, वार्डस्तरमा स्वास्थ्य संस्था र बर्थिङ सेन्टर स्थापना भएका छन् । गर्भवतीका लागि स्ट्रेचरको अभाव हुने ठाउँमा अहिले एम्बुलेन्स सेवा उपलब्ध छ । यस्तै बैंकिङ कारोबारका लागि जिल्ला धाउनुपर्ने बाध्यता हटेको छ । सबै पालिकामा बैंक स्थापना भएका छन् । गाउँ-गाउँमा सहकारी संस्था खुलेका छन् । कयौं नागरिकमा वित्तीय साक्षरता बढेको छ । विभिन्न लघुवित्तले जिल्लाभरी सेवा विस्तार गरिरहेका छन् ।

**उज्यालो दिनको प्रतीक्षामा**

यस जिल्लामा केही यस्ता आयोजना छन् जसले समग्र राष्ट्को आर्थिक सम्बृद्धिमा टेवा पुऱ्याउँदै देशको मुहार नै परिवर्तन हुनसक्छ । देशको मुहार फेर्न सक्ने आयोजनाका रुपमा पञ्चेश्वर बहुउद्देशीय आयोजनालाई लिन सकिन्छ । २०५२ सालमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री पिभिनरसिंह रावले हस्ताक्षर गरेको एकीकृत महाकाली सन्धिमा छ हजार चार सय ८० मेगावाट क्षमताको पञ्चेश्वर बहुउद्देशीय आयोजना बनाउने बुँदा उल्लेख थियो । विद्युत्, पर्यटन, मत्स्यपालन आदिबाट वार्षिक करिब रु ५५-६० अर्ब आम्दानी हुने देखाएको यो नेपालका लागि गौरवको आयोजना हो । तीन दशक वितिसक्दा पनि आयोजना अलपत्र अवस्थामा छ ।

त्यस्तै नमूना सहर पाटन, झुलाघाटमा मोटर पुल, दोगडाकेदारमा आइएमइ ग्रुपले सञ्चालन गर्ने भनिएको सिमेन्ट उद्योग, सरकारले विस्तृत अध्ययन गरिसकेको फस्फोराइट उत्खनन, पुरचौडी, सिगास लगायतका फलामखानी, युरेनियम, खरी, जटीबुटी उत्पादन आदि कार्यले यस क्षेत्रको मात्र नभइ समग्र देशकै विकासमा योगदान पुग्ने देखिन्छ । देशभरिमा १० वटा नमूना सहर निर्माण गर्ने लक्ष्यअनुसार महाकाली अञ्चलको पुरानो अञ्चल मुकाम पाटनलाई नमूना सहरको रूपमा विकास गर्ने कुराले बैतडीवासीमा खुसीको सञ्चार भएको थियो । पहाडी जिल्लाबाट बढ्दो बसासराइँलाई रोक्न पहाडमै सुविधा सम्पन्न सहर बनाउने कुरा पहाडी क्षेत्रको समावेशी विकास, पहिचान र सम्भावनासँग जोडिएको विषय हो । नमूना सहरको विकाससँगै व्यापार, पर्यटन, होटल, यातायात र साना उद्योग फस्टाउने सम्भावना बढ्थ्यो । यसले पहाडमा बस्ने स्थानीय युवालाई रोजगारी सिर्जना गरी विदेश पलायन घटाउन मद्दत गर्न सक्थ्यो ।

पाटन नमूना सहर बनेपछि बैतडी मात्र होइन, दार्चुला, डडेल्धुरालगायत आसपासका जिल्लाका लागि पनि आर्थिक र प्रशासनिक केन्द्रको रूपमा विकसित हुनसक्थ्यो । तर, नमूना सहर बनाउने कार्य लक्ष्य अनुसार अघि बढ्न सकेको छैन । मध्यपहाडी लोकमार्गको पश्चिमी बिन्दु झुलाघाट हो । नेपाल-भारत सीमा नदी महाकालीमाथि बन्ने भनिएको मोटरेबल पुल चुनाव आएसँगै चर्चाको विषय बन्ने गर्छ । एक हजार सात सय ७६ किमि लामो मध्यपहाडी लोकमार्गलाई भारतको उत्तराखण्ड राज्यहुँदै दिल्लीसम्म जोड्ने पुल झुलाघाट पुल नै हो । सीमावर्ती व्यापार सहज भई स्थानीय अर्थतन्त्र चलायमान हुनेछ ।

यस विषयमा लामो समयदेखि ज्ञापनपत्र, अनसन, आन्दोलनजस्ता विभिन्न सङ्घर्षका कार्यक्रमसमेत भए पनि कुनै प्रगति भएको छैन । बैतडीको समग्र आर्थिक सम्बृद्धिका लागि पुरचौडी र सिगासको फलामखानी उत्खनन गर्न सकिएमा देशलाई फलाममा आत्मनिर्भर गर्न सकिने सम्भावना छ । दोगडाकेदारमा सिमेन्ट उद्योग स्थापना र फस्फोराइट उत्खनन गर्ने महत्वपूर्ण योजना पनि सुरु हुन सकेका छैन । समग्रमा भन्नुपर्दा देशमा केही भएको छैन भाष्य सही छैन् । केही त जरुर भएको छ तर जति हुनुपर्ने हो त्यति भएको छैन । आउँदा दिनहरुमा भएको विकासलाई सदुपयोग गर्दै नागरिकलाई सकारात्मक बाटोमा हिँडाउनुपर्छ । सुशासन र सहज सेवा प्रवाह गर्दै देशमा शान्ति अमनचयन, विकास र समृद्धिको बाटोमा हिँड्नु छ ।

# आत्मविश्वासदेखि सफलतासम्म : परीक्षाको रूपरेखा



शुभाषचन्द्र भण्डारी

परीक्षा विद्यार्थी जीवनको अविभाज्य अंश हो । परीक्षाले केवल कक्षाकोठामा सिकेका ज्ञानको परीक्षण मात्र गर्दैन; विद्यार्थीको मनोबल, धैर्य, स्थिरता र मानसिक परिपक्वताको परिमापन पनि गर्छ । करियर अर्थात् पेसागत जीवनको निर्माण-यात्रा वा निर्णयमा पनि परीक्षा र यसको नतिजा प्रमुख घटक हुने भएकाले मानव जीवनमा परीक्षाको महत्त्वलाई नकार्न सकिँदैन । परीक्षा भनेको ज्ञान मात्र नभई मनको तयारी र धैर्यको मूल्याङ्कन गर्ने आयाम हो । तर, प्रत्येक विद्यार्थीले परीक्षालाई एउटै रूपमा अनुभूत गरेको पाइँदैन । कसैलाई परीक्षा चुनौती जस्तो लाग्छ त कसैलाई डरलाग्दो घटनाजस्तो । मनोवैज्ञानिक रूपमा सबल विद्यार्थीका लागि भने परीक्षा एक सामान्य प्रक्रिया हो । आफ्नो योग्यता र क्षमता प्रस्तुत गर्ने एक अवसर हो । परीक्षार्थीको आत्मविश्वास बलियो भए परीक्षा स्वतः सरल र सहज हुन्छ ।

**विद्यार्थीका लागि परीक्षा कठिन विषय हो या सरल ?**

यसको निर्धारण विद्यार्थीले गरेको अध्ययनको मात्राले भन्दा बढी मनको अवस्थाले गर्छ । मन कमजोर भयो भने धेरै पढेर पनि डर, चिन्ता र अस्थिरताका कारण नतिजा घट्छ । तर, मन बलियो भयो भने कठिन विषयवस्तु पनि सहज-बोध भई नतिजा सप्रिन्छ । हरेक विषयको परीक्षाको सफलताको मूल कुञ्जी ‘आत्मविश्वास’ हो । परीक्षाको परिभाषा र परिकल्पनालाई साकार पार्ने सहायक तत्त्वहरूमा स्वयम् विद्यार्थी, शिक्षक, पाठ्यपुस्तक, सन्दर्भसामग्री, पाठ्य-लेख्यसामग्रीहरूका साथै कम्प्युटर, मोबाइल, इमेल, इन्टरनेट, गुगल आदि प्राविधिक स्रोत-सामग्रीको भूमिकासम्बन्धी दृष्टिकोण आमरूपमा छर्लङ्ग छ । तर, परीक्षाको नतिजालाई प्रभाव पार्ने अदृश्य पक्षहरूको पनि सावधानीपूर्वक कार्य-अनुशीलन भएन भने अध्ययनदेखि सफलतासम्मको यात्रा अधुरो हुन जान्छ । तसर्थ, आत्मविश्वास, सकारात्मक सोच, परीक्षाबारे परिपक्व दृष्टिकोण, योजनाबद्ध तयारी एवम् निरन्तर अभ्यासको सन्तुलित उपयोग अत्यावश्यक छ । यिनको विश्लेषण यहाँ प्रस्तुत गरिएको छः विद्यार्थीको आत्मविश्वास परीक्षामा सफलताको आधारभूत शक्ति आत्मविश्वास हो । कुनै पनि विद्यार्थीको तयारी कति गहिरो छ भन्ने कुरा केवल अभ्यासपुस्तिकाका पानामा होइन, उसको दृढ सङ्कल्प सहितको मनोबलमा पनि निर्भर हुन्छ । आत्मविश्वासको कमीले पढेको र जानेको कुरा परीक्षामा बिर्सने वा राम्ररी लेख्न नसक्ने अवस्था सिर्जना भइरहेको हुन्छ ।

उत्सुकतायुक्त आत्मविश्वासबाट अभिप्रेरित भएर आएको विद्यार्थीले चुनौतीलाई डर होइन, अवसरका रूपमा हेर्छ । जरैदेखि पलाएको आत्मविश्वासले मनमा एक किसिमको स्थिरता, स्पष्टता र ऊर्जा भरिदिएको हुन्छ । यो शक्ति मानिसलाई जन्मैदेखि प्राप्त भएर आएको हुँदैन; पुनरावृत्ति, अभ्यास, नवीन सोच र अनुभवबाट क्रमशः आत्मविश्वास निर्माण भइरहन्छ ।

जस्तै; कुनै विद्यार्थीले आफ्नो कमजोर विषयमा निरन्तर अभ्यास गरेर राम्रोसँग बुझ्न थाल्यो भने त्यस दिनदेखि उसको मनमा “म सक्छु” भन्ने एउटा नयाँ भरोसा जन्मिन्छ । त्यही भरोसा नै उसको सफलताको सोपान हो । आत्मविश्वास भए दिमागको तर्क-शक्ति सक्रिय हुन्छ । ज्ञान र विचारमा स्पष्टता भए लेखन कौशल पनि सहज रूपमा बग्छ । आत्मविश्वास नै परीक्षामा सफलता हासिल गर्ने सर्वोत्तम मानसिक आधार हो ।

**सकारात्मक सोच**

तनावलाई शान्तिमा बदल्ने मानसिक अस्त्र सकारात्मक सोच हो । परीक्षा नजिकिँदै जाँदा मनमा अनेकौं शङ्का उठ्नु स्वाभाविक हो । कहिलेकाहीँ मनमा ‘मैले सकिनँ भने के होला ?’ भन्ने डर उत्पन्न हुन्छ । यस किसिमको डरले मनलाई अशान्त बनाउँछ । त्यसबाट ध्यान भङ्ग हुँदै मनोबल खलबलिन्छ । सकारात्मक सोचले मनको डरलाई सजिलैसँग नियन्त्रणमा राख्छ । सकारात्मक सोच केवल आशावादिता होइन; यो समस्यालाई समाधानतर्फ केन्द्रित गराउने क्षमता हो ।

कठिन पाठबाट निराश हुने विद्यार्थी तनावमा डुब्छ । तर, यो कठिन छ, म यसलाई स-साना खण्डमा विभाजन गरेर बिस्तारै बुझ्छु भन्ने विद्यार्थी समस्यालाई केलाउँदै समाधानतर्फ अग्रसर हुन्छ । यसरी उसले आफ्नो मनलाई हलुका राख्छ । तनाव घटाउने, ध्यान केन्द्रित गराउने र आत्म-विश्वास बढाउने सरल उपाय भनेकै सकारात्मक सोच-विधि हो । यो अवस्था परीक्षा दिइरहँदा समेत अत्यन्त आवश्यक हुन्छ, जहाँ मनको स्थिरताले समग्र प्रस्तुतिलाई निर्धारण गर्छ । अतः सकारात्मक सोचले प्रतिकूलतालाई अनुकूल सम्भावनामा रूपान्तरण गर्दै सफलताको मार्गलाई सार्थक तुल्याउँछ ।

**परीक्षाबारेको दृष्टिकोण**

परीक्षा के हो ? परीक्षा किन आवश्यक छ ? यी सवाललाई गहिराइमा बुझ्न र बुझाउन सकिएमा विद्यार्थीमा मानसिक परिपक्वता बढ्दै जान्छ । बुझाइ सशक्त हुँदै परीक्षा केवल एउटा औपचारिक चरणजस्तो लाग्न थाल्छ ।

परीक्षाको परिणामलाई मात्र जीवनको सम्पूर्ण मूल्य ठानियो भने त्यसले मनमा अत्यधिक दबाब सिर्जना गर्छ । परीक्षा अनुभवको एउटा कडी हो, एक अवसर हो र निरन्तरको प्रक्रिया हो । विद्यार्थी जीवनमा परीक्षा निकै महत्त्वपूर्ण छ । तर, एउटा परीक्षामा असफल भइयो भन्दैमा जीवन नै असफल हुँदैन । एउटा असफलता पनि सुधार र प्रगतिको अर्को ढोका हो । पढाइ वा सिकाइलाई समयको व्यवस्थापन र सदुपयोगसँग जोड्न सकिएमा कसैले नसोचेको सकारात्मक नतिजा हात पार्न सकिन्छ ।

जुन दिनदेखि परीक्षार्थीले परीक्षासँग सम्बन्धित यी कुराहरू बुझ्न थाल्छ, त्यस दिनदेखि उसको मन हलुका अर्थात् दबाबबाट मुक्त हुन्छ । आत्म-दबाब कम भएको अवस्थामा मात्र सिकाइप्रतिको रुचि बढ्छ र मानसिक स्थिरता मजबुत हुन्छ । दृढतासहितको मिहिनेत र परीक्षाको सफलताले जीवनको धार नै बदलिदिएका उदाहरणहरू हाम्रै वरिपरि अनेक हुन्छन् ।

यसबाट बुझिन्छ कि परीक्षाबारे स्पष्ट दृष्टिकोण बनाएर योजनाबद्ध तयारीमा जुट्नेहरू सफलताका हकदार हुन् । यस प्रक्रियाले विद्यार्थीलाई मनोवैज्ञानिक रूपमा सुरक्षित बनाउँछ । जब परीक्षा भय होइन, प्रक्रिया बन्छ, तब परिणाम पनि सजिलैसँग सुधारिन्छ । पढाइका स-साना सुधारहरूको योग नै उच्च सफलता वा उत्कृष्ट नतिजा हो ।

**योजनाबद्ध तयारी**

परीक्षा कठिन लाग्ने प्रमुख कारणहरूमध्ये एक अव्यवस्थित पढाइ हो । धेरै विद्यार्थीहरूले तयारी त गरिरहेका हुन्छन्, तर योजनाविहीन रूपमा । अचानक जे मनमा आयो, त्यही विषय पढ्नाले उपलब्धि हँदैन । यसो गर्दा कुन विषय कति पढियो, कति छैन, कुन भाग कमजोर छ भन्ने स्पष्ट हुँदैन । योजनाबद्ध तयारीले दिमागमा सिकाइसम्बन्धी मानसिक नक्सा बनाउँछ । कुन विषय, कुन दिन, कति समय, कस्तो विधिले पढ्ने भन्ने योजनाका आधारमा अध्ययन गर्ने हो भने राम्रो नतिजा प्राप्त हुन्छ । यसले विद्यार्थीलाई मार्गदर्शनका साथ-साथै सुरक्षा भाव र आत्मबल प्रदान गर्छ ।

समयतालिका बनाउने, विषयहरूलाई साना-साना खण्डमा बाँड्ने, कमजोर पक्ष पहिचान गर्ने र नियमित पुनरावृत्ति गर्ने बानीले मनलाई व्यवस्थित बनाउँछ । योजनाबद्ध तयारीका साथ गरिएको अध्ययनबाट मात्रै आफ्नो पढाइका बारेमा मनमा स्पष्टता आउँछ । त्यही स्पष्टताले परीक्षालाई सहज बनाउँदै सफलता सुनिश्चित गर्ने मार्ग प्रशस्त गर्छ ।

**नियमित अभ्यास**

आफूले कहिल्यै अभ्यास नगरेका अपरिचित प्रश्न र प्रश्नपत्रका ढाँचाले विद्यार्थीको मनमा परीक्षाप्रति नकारात्मक दृष्टिकोण ल्याउँछ । परीक्षा भन्नेवित्तिकै डराउने अनेक कारणहरूमध्ये एक प्रमुख कारण नियमित अध्ययन-अभ्यासकै कमी हो । परीक्षामा जति अपरिचित प्रश्न देखिन्छन्, परीक्षार्थीको मनमा उति नै तनाव बढ्छ ।

तर, अभ्यासले अपरिचयलाई परिचयमा बदलिदिन्छ र परीक्षा सजिलो भइदिन्छ । परीक्षामा पूर्ण सफलता प्राप्तिका लागि अघिल्ला वर्षहरूका प्रश्न हल गर्नु, अभ्यास परीक्षामा सहभागी हुनु, समय मिलाएर लेखन अभ्यास गर्नु आदि निर्माणात्मक तरिकाबाट विद्यार्थीले पहिलेदेखि नै निर्णयात्मक परीक्षालाई अनुभूत गरिसकेको हुनुपर्छ ।

प्रयाप्त अभ्यासका साथ परीक्षामा सहभागी हुँदा नयाँपन कम भई डर पनि कम हुन्छ । नियमित अभ्यासबाट मन, दिमाग र हात; यी तिनैलाई उचित समायोजित हुन मद्दत पुगेको हुन्छ । उत्तर सोच्ने, लेख्ने र समय व्यवस्थापनका साथ पूरा गर्ने क्षमतामा सुधार आउँछ । विषयवस्तुको भरपुर अभ्यास गर्ने विद्यार्थीहरू परीक्षा हलमा अनुमान होइन, अनुभव लिएर प्रवेश गर्छन् ।

यसै अनुभवले मनलाई ढुक्क बनाउँछ । यो प्रश्न त मैले धेरैपटक गरिसकेको छु, सजिलै गर्न सक्छु भन्ने दृढविश्वासका साथ परीक्षा दिनु नै सफलताको द्योतक हो । अभ्यासले ज्ञान र सिपको स्तरवृद्धि गर्ने मात्र होइन, समग्र मनोबल, लेखाइको गति र आत्मविश्वास पनि बढाउँछ । त्यसैले मनोवैज्ञानिक रूपमा परीक्षार्थीको सफलताका लागि सबैभन्दा प्रभावकारी अस्त्र अभ्यास हो । अभ्यास गर्ने बानीले नै मानिसलाई सफलताको शिखरसम्म पुऱ्याउँछ ।

**निष्कर्ष**

परीक्षामा सफलता प्राप्त गर्नु केवल प्रश्नको उत्तर लेख्नु मात्र होइन, लेख्नुभन्दा पहिले मानसिक रूपले आफैँलाई तयार पार्नु हो ।

बलियो मन भएका विद्यार्थीहरूले कठिनाइलाई चुनौतीमा बदल्छन् । डरलाई कौशलमा रूपान्तरण गर्छन् । र, आफ्ना कमजोरीलाई सुधारको अवसरका रूपमा हेर्छन् । मन बलियो भयो भने मात्र परीक्षा सरल, व्यवस्थित र आत्मविश्वासी यात्रामा परिणत हुन्छ । परीक्षा केवल कागजमा अङ्क ल्याउने खेल होइन; विद्यार्थीको अनुशासन, मनोबल, मानसिक परिपक्वता र जीवनोपयोगी सिर्जनाको कडी हो । अभ्यासका अनेक चरण पार गरेर मनलाई बलियो बनाउन सके परीक्षा आफैँ सहज बन्छ ।

मान्छेका जीवनका सपनाहरूको गन्तव्यमा प्रयासका चरण स्पर्श गर्दै सफलतासम्म पुग्ने माध्यम परीक्षा हो । परीक्षाका यिनै नालीबेलीहरू पछ्याउँदै धैर्य र सावधानीपूर्वक परीक्षा-सोपान पार गर्नु बुद्धिमानी हो ।रातोपाटी

## महामन्त्री शर्माको प्रस्तावः

# ‘पार्टीको विधान, कार्यशैली र कार्यक्रमलाई समयानुकूल बनाऔँ’

काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले पार्टीको विधान, कार्यशैली र कार्यक्रमलाई समयानुकूल परिमार्जन गरेर अघि बढ्नुपर्ने प्रस्ताव गर्नुभएको छ । महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगनकुमार थापाको अगुवाइमा भृकुटीमण्डपमा जारी कांग्रेसको विशेष महाधिवेशनअन्तर्गत सोमबारको बन्दसत्रमा समसामयिक राजनीतिक प्रस्ताव प्रस्तुत गर्दै शर्माले सङ्गठनलाई समावेशी, युवा-मैत्री र प्रभावकारी बनाउने गरी विधान संशोधन गर्न आवश्यक रहेको बताउनुभयो ।



महामन्त्री शर्माले पार्टीको विधानमा प्रतिनिधित्वसम्बन्धी नयाँ व्यवस्था प्रस्ताव गरिएको उल्लेख गर्दै केन्द्रीय समितिमा ३० वर्षमुनिका २० र ३० वर्ष पूरा भई ४० वर्ष ननाघेका २० गरी कूल ४० जना युवाको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने प्रस्ताव गर्नुभएको छ । त्यस्तै प्रदेश कार्यसमितिमा पनि दुवै उमेर समूहका १०-१० जनाको व्यवस्था गरिनुपर्ने उल्लेख गर्नुभयो । उहाँका अनुसार जिल्ला, सङ्घीय निर्वाचन क्षेत्र, प्रदेशसभा क्षेत्र र पालिका कार्यसमितिमा न्यूनतम ६-६ जना तथा वडा कार्यसमितिमा न्यूनतम ४-४ जना सो उमेर समूहका प्रतिनिधि रहने व्यवस्था प्रस्ताव गरिएको छ । केन्द्र र प्रदेश महाधिवेशनका प्रतिनिधि हरेक निर्वाचन क्षेत्रबाट न्यूनतम दुई महिला र कम्तीमा एक जना ३० वर्षमुनिको हुने गरी चार जना रहने प्रस्तावसमेत गरिएको छ ।

महामन्त्री शर्माको प्रस्तावमा बौद्धिक र व्यावसायिक क्षेत्रका व्यक्तिलाई पार्टीमा आकर्षित गर्न ‘ल्याट्रल इन्ट्री’ को उपयुक्त प्रक्रियासम्बन्धी नयाँ व्यवस्था गर्नुपर्ने उल्लेख छ । साथै विदेशमा रहेका नेपालीबीचको समन्वय र प्रभावकारिता बढाउन नेपाली जनसम्पर्क समितिको एक अन्तरराष्ट्रिय संरचना निर्माण गर्ने प्रस्ताव गरिएको छ । यसैगरी प्रत्येक देशका नेपाली जनसम्पर्क समितिका वर्तमान तथा पूर्व अध्यक्षहरू अन्तरराष्ट्रिय परिषद्का सदस्य हुनेछन् । सो परिषद्ले पूर्व अध्यक्षहरूमध्येबाट २७ सदस्यीय अन्तरराष्ट्रिय जनसम्पर्क समिति गठन गर्ने प्रस्ताव गरिएको छ ।

अन्तरराष्ट्रिय जनसम्पर्क समितिमा अध्यक्ष एक, महिला उपाध्यक्ष र महामन्त्री एक-एक, प्रत्येक महादेशबाट एक खुला उपाध्यक्ष, दुई जना खुला महामन्त्री, एक महिला सहमहामन्त्रीसहित प्रत्येक महादेशबाट एक-एकजना खुला सहमहामन्त्री रहने व्यवस्था प्रस्ताव गरिएको छ । कोषाध्यक्ष भने अध्यक्षबाट मनोनित गरिनेछ ।

पार्टीको महाधिवेशनमा हरेक देशबाट प्रतिनिधित्व गर्ने महाधिवेशन प्रतिनिधिहरूले ‘एक महादेश, एक केन्द्रीय सदस्य’को अवधारणाअनुसार आ-आफ्ना महादेशबाट एक केन्द्रीय सदस्य चयन गर्ने प्रस्ताव गरिएको छ । मध्यपूर्वका लागि विशेष व्यवस्था गर्दै छुट्टै एक केन्द्रीय सदस्य चयन गर्ने व्यवस्था पनि प्रस्तावमा समावेश छ । विधान संशोधनमार्फत पूर्व आप्रवासी नेपालीहरूको सहभागितालाई पनि सुनिश्चित गर्न प्रस्ताव गरिएको छ ।

विदेशमा एक दशकभन्दा बढी समय बिताएर महाधिवेशनभन्दा दुई वर्षअघि परिवारसहित स्वदेश फर्किएका नेपालीलाई वडादेखि केन्द्रसम्मका प्रत्येक तहमा न्यूनतम एक महिलासहित तीन जनाको प्रतिनिधित्व गराइने प्रस्ताव गरिएको छ । त्यस्तै, प्रदेश निर्वाचन क्षेत्रबाट निर्वाचित प्रतिनिधिमध्येबाट न्यूनतम एक महिलासहित तीन जना प्रदेश कार्यसमितिमा र सङ्घीय निर्वाचन क्षेत्रबाट निर्वाचित प्रतिनिधिमध्येबाट न्यूनतम एक महिलासहित तीन जना केन्द्रीय कार्यसमितिमा निर्वाचित हुने व्यवस्था प्रस्ताव गरिएको छ ।

त्यस्तै, भ्रातृ तथा शुभेच्छुक संस्थाबाट पार्टीको महाधिवेशनमा प्रतिनिधित्व गर्ने प्रतिनिधिमध्ये संस्थाको सिफारिसमा उम्मेदवार भएका व्यक्तिबीचबाट न्यूनतम एक महिलासहित तीन जना केन्द्रीय सदस्य चयन गर्ने व्यवस्था पनि प्रस्तावमा उल्लेख छ । जिल्ला तथा अन्य कार्यसमितिलाई छरितो र प्रभावकारी बनाउने व्यावहारिक विधि अवलम्बन गर्नुपर्ने आवश्यकता औँल्याइएको छ । विधानसँग सम्बन्धित थप विषयमा प्रत्यक्ष वा समानुपातिक प्रतिनिधित्वको निश्चित कार्यकाल अर्थात् एकपटक समानुपातिक/अन्तिमपटक समानुपातिकको व्यवस्था, नेपाली कांग्रेस जनप्रतिनिधि कार्यसम्पादन निर्देशिका र सामाजिक रूपान्तरण नेतृत्व निर्देशिका निर्माण गर्ने प्रस्ताव गरिएको छ ।

साथै महाधिवेशन क्रममा पार्टीको केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यदेखि सबै तहका पदाधिकारीहरू पार्टीको तल्लो कमिटीबाट क्रमशः निर्वाचित भएर आउनुपर्ने व्यवस्था गर्ने प्रस्तावसमेत पेस गरिएको छ । यसलाई विशेष महाधिवेशनको सुझावअनुसार परिमार्जन गर्दै विधानमा थप व्यवस्था गर्न सकिने महामन्त्री शर्माले जानकारी दिनुभयो ।

नेपाली कांग्रेसले सङ्गठन पुनर्निर्माण, नीतिगत सुधार र नागरिक-केन्द्रित राजनीतिलाई प्राथमिकता दिँदै ‘जलवायु चेतनादेखि उद्यमसम्म’का अभियान चलाउने प्रस्ताव गरिएको छ । विगतका गल्ती सच्याउने स्पष्ट सङ्कल्पसहित विशेष महाधिवेशनबाट पारित राजनीतिक दस्तावेजमार्फत कांग्रेसले तत्कालीन, अल्पकालीन र दीर्घकालीन रणनीतिका साथ समाजका साझा मुद्दामा निरन्तर सक्रिय रहने प्रतिबद्धता व्यक्त गरेको हो ।

विशेष महाधिवेशनले पार्टीका मुद्दा मात्र होइन, समग्र समाजका सरोकारका विषयलाई राजनीतिक मुद्दा बनाइ त्यसैमा समर्पित रहने उद्देश्यसहित १० बुँदे प्रस्ताव गरिएको छ । कांग्रेसले नागरिकसँग निरन्तर सम्पर्कमा रहने र व्यावहारिक परिणाम दिने राजनीति गर्ने दाबीसमेत गरेको छ । महामन्त्री शर्माको प्रस्तावमा पार्टीभित्र र बाहिरका युवा पुस्तासँग सहकार्य गर्दै वातावरणीय सङ्कटबारे जनचेतना फैलाउने अभियान सञ्चालन गरिने उल्लेख छ ।

त्यस्तै, प्रशासनिक ढिलासुस्तीको समाधान खोजी गर्न यसका लागि पार्टीको राज्यप्रशासन विभाग, विषयगत विज्ञ र शुभेच्छुक संस्थालाई सक्रिय बनाइने जनाइएको छ । सामाजिक विसङ्गतिविरुद्ध सजगता अभियान सञ्चालन गरिने प्रस्तावमा उल्लेख छ । महिला सङ्घ, शिक्षक-प्राध्यापक, प्रेस युनियनलगायत पार्टीका विभागीय संरचनालाई यसमा जोडिनेछ । त्यस्तै, बिमा ब्रान्डिङ र गाउँस्तरमा प्रभावकारी जनचेतना तथा अनुगमन गर्ने योजना प्रस्तुत गरिएको छ ।

प्रस्तावमा अनौपचारिक क्षेत्रका श्रमिकसँग सम्पर्क, संवाद र समस्या समाधानलाई प्राथमिकता दिइएको छ । जसमा ‘ट्रेड युनियन’सँग सहकार्य गरेर श्रमिक अधिकारका मुद्दा अघि बढाइनेछ । लागुपदार्थविरुद्ध युवा अभियान सञ्चालनका लागि तरुण, विद्यार्थी र महिला सङ्गठन, स्थानीय तह र प्रशासनसँग समन्वय गर्ने र विदेशबाट फर्किएका नेपालीलाई स्वदेशमै पुनःस्थापित गर्ने योजना अघि सारिएको छ । यसका लागि पार्टी, सरकार र सम्बन्धित विभागको सहकार्यमा कार्यक्रम ल्याइनेछ ।

त्यस्तै, भूमिहीन, अव्यवस्थित बसोबासी र सुकुम्बासी समस्याको दीर्घकालीन समाधान गर्ने प्रतिबद्धता जनाइएको छ भने शैक्षिक क्षेत्र सुधारका लागि शैक्षिक प्रतिष्ठान र पार्टी संरचनाबीच सहकार्य गर्ने प्रस्ताव गरिएको छ । पार्टी सदस्यका लागि आत्मनिर्भर उद्यम अभियान सञ्चालन गरी रोजगारी र उद्यमशीलता प्रवर्द्धन गर्ने विषय पनि महामन्त्री शर्माको प्रस्तावमा समेटिएको छ ।

> राजनीतिक नियुक्तिमा योग्यता र चरित्र परीक्षण नगर्दा संस्थागत क्षति पुगेको स्वीकार गर्दै महामन्त्री शर्माले पेश गर्नुभएको प्रस्तावमा अब नेतृत्व चयनमा विशिष्ट योग्यता मापनसहितको मर्यादित मापदण्ड लागु गर्नुपर्ने प्रावधान समेटिएको छ ।

विशेष महाधिवेशनमा पेस भएको महामन्त्री शर्माको प्रस्तावमा विगत डेढ दशकमा दोहोरिएका राजनीतिक अभ्यासलाई गम्भीर गल्ती स्वीकार गर्दै त्यसलाई सच्याउने प्रतिबद्धता व्यक्त गरिएको छ । कांग्रेसले अब कुनै पनि नेता दुई पटकभन्दा बढी प्रधानमन्त्री नबन्ने नीति लिइने गरी प्रस्ताव गरेको छ । यो व्यवस्थालाई संविधानमै सुनिश्चित गर्न पहल गर्ने निर्णयसमेत गरिएको छ । लामो समयसम्म एउटै नेतृत्व दोहोरिँदा आम जनतामा असन्तुष्टि बढेको निष्कर्ष महामन्त्री शर्माको प्रस्तावमा उल्लेख छ ।

नीतिगत अस्थिरताका कारण जलविद्युत्, कृषि, भौतिक पूर्वाधार र निजी क्षेत्र प्रभावित भएको स्वीकार गर्दै नीतिगत सुनिश्चिततासहित देशलाई अघि बढाउने नेतृत्व कांग्रेसले गर्ने सङ्कल्प शर्माद्वारा प्रस्तुत प्रस्तावमा उल्लेख छ । त्यस्तै चुनावी गठबन्धनले मतदाताको स्वतन्त्र विवेक र पार्टी सदस्यको सम्मानमा असर पारेको निष्कर्ष निकाल्दै कांग्रेसले आगामी निर्वाचनमा एक्लै प्रतिस्पर्धा गर्ने प्रस्ताव गरेको छ ।

बजेट निर्माणमा प्रभावशाली नेताको क्षेत्रमा बढी बजेट खन्याउने प्रवृत्ति नियन्त्रण गर्दै समन्यायिक विकासको अवधारणा कडाइका साथ लागू गर्ने जनाइएको छ । लहडका आधारमा विकास परियोजना अघि बढाउँदा ऋणको जोखिम बढेका कारण कुनै पनि ठूला परियोजना विज्ञ परीक्षण र संसदीय छलफलपछि मात्र अघि बढाउने नीति लिइनेसमेत प्रस्ताव गरिएको छ ।

पुँजीगत बजेट खर्च कमजोर हुनु शासकीय कमजोरी भएको स्वीकार गर्दै कांग्रेसले पूर्वाधार निर्माण तीन सिफ्टमा गर्ने कानुनी व्यवस्था, असारे विकास रोक्ने र तीन तहका सरकारबीच स्पष्ट काम बाँडफाँड गर्ने नीति अवलम्बन गर्नुपर्ने प्रस्ताव गरिएको छ । त्यस्तै, गैरआवासीय नेपालीका नागरिकता, मतदान अधिकार र लगानी सहजीकरणमा भएको ढिलाइ सच्याउँदै संविधान र सर्वोच्च अदालतको आदेशअनुसार व्यवस्था मिलाउन कांग्रेसले नेतृत्व गर्ने महामन्त्री शर्माको प्रस्तावमा उल्लेख छ ।

राजनीतिक नियुक्तिमा योग्यता र चरित्र परीक्षण नगर्दा संस्थागत क्षति पुगेको स्वीकार गर्दै महामन्त्री शर्माले पेश गर्नुभएको प्रस्तावमा अब नेतृत्व चयनमा विशिष्ट योग्यता मापनसहितको मर्यादित मापदण्ड लागु गर्नुपर्ने प्रावधान समेटिएको छ ।

विश्वविद्यालय, संवैधानिक निकाय र राजदूत नियुक्तिमा भागबन्डा गलत भएको स्वीकार गर्दै योग्यतामा आधारित प्रतिनिधि छनोट प्रणाली विकास गर्ने प्रतिबद्धता गरिएको छ । शिक्षा विधेयक ढिलाइ हुँदा शैक्षिक क्षेत्रमा नकारात्मक असर परेको उल्लेख गर्दै आगामी संसद्को पहिलो अधिवेशनमै विधेयक पारित गर्न पहल गर्ने जनाइएको छ । त्यस्तै, शैक्षिकस्थलमा बाहुबल प्रयोग अस्वीकार्य हुने ठहर गर्दै यस्ता गतिविधिमा संलग्न पार्टी निकट विद्यार्थीको सदस्यता खारेज नीति लिइनेसमेत जनाइएको छ । जातीय विभेद, घरेलु हिंसा, बालश्रमजस्ता सामाजिक विसङ्गतिमा संलग्न प्रमाणित भए पार्टी सदस्यता स्वतः खारेज हुने प्रस्ताव गरिएको छ ।

अनौपचारिक क्षेत्रका श्रमिकका समस्या समाधान गर्न नेपाल ट्रेड युनियन काँग्रेससँग सहकार्य गरी साझा दृष्टि विकास गर्ने, जनप्रतिनिधित्वमा नातावाद अन्त्य गर्ने, उम्मेदवार छनोटमा ‘प्राइमरी’ निर्वाचन प्रणाली क्रमशः लागू गर्ने र पार्टीभित्र सुशासन अनुगमनका लागि आन्तरिक सुशासन आयोग गठन गर्नेजस्ता विषय पनि महामन्त्री शर्माको प्रस्तावमा समेटिएका छन् ।

कांग्रेस महामन्त्री शर्माले प्रस्तुत गर्नुभएको प्रस्तावमा पार्टीले आफूलाई ‘रिबिल्डिङ’ र ‘रिब्रान्डिङ’ गर्नुपर्नेमा जोड दिँदै सद्भाव, सुशासन र समुन्नतिको यात्रामा सबै नेपालीको साथ सहयोगको अपेक्षा गरेको छ । महामन्त्री शर्माले प्रस्ताव प्रस्तुत गर्दै “जो बदलिन सक्छ, उसैले बदल्न सक्छ” भन्ने निष्कर्षसहित कांग्रेसले बदलिएको समयअनुसार आफूलाई बदल्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।रासस

## कावा सभापति खड्काद्वारा पार्टीमा एकताका साथ अगाडि बढ्न आग्रह



काठमाण्डु । नेपाली कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले पार्टीमा एकताका साथ अगाडि बढ्न सबैलाई आग्रह गर्नुभएको छ । कांग्रेस विशेष महाधिवेशन पक्षधरहरूको आह्वानमा भृकुटीमण्डमा विशेष महाधिवेशनको बन्दसत्र चलिरहेको परिस्थितिमा उहाँले विज्ञप्ति जारी गर्दै पार्टी एकतामा प्रतिकूल असर पर्ने कुनै पनि गतिविधि नगर्नसमेत आग्रह गर्नुभएको हो ।

कार्यवाहक सभापति खड्काले मुलुकको विषम् परिस्थितिप्रति गम्भीर हुँदै पार्टीभित्र उत्पन्न असहज अवस्थालाई समाप्त पार्न जरुरी रहेको उल्लेख गर्नुभएको छ । “अहिले मुलुक गम्भीर अवस्थामा छ । देशको सर्वोच्च जननिर्वाचित संस्था प्रतिनिधिसभा विघटन भएको छ । अन्योल र अनिश्चितताको वर्तमान अवस्थामा देश र लोकतन्त्रका बारेमा सर्वत्र चासो र चिन्ता व्याप्त छ । आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन तोकिएको छ”, विज्ञप्तिमा भनिएको छ ।

उक्त निर्वाचनमार्फत संविधानलाई लिकमा ल्याई लोकतान्त्रिक तथा संवैधानिक व्यवस्थालाई पुनः सञ्चालन गर्नुपर्ने उहाँले बताउनुभयो । यस अवस्थामा नेपाली कांग्रेस एकताबद्ध, सङ्गठित र सुदृढ हुन अपरिहार्य रहेको बताउँदै उहाँले कांग्रेसमा अहिले असहज र अन्योलको स्थिति उत्पन्न भएकाले सबैले आपसी समन्वयसहित एकता कायम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कांग्रेसले देशमा विषम् परिस्थिति उत्पन्न भएका विभिन्न कालखण्डमा परिस्थितिको सही मूल्याङ्कन गरी आफ्नो नेतृत्वमा उचित निकास दिएको इतिहास रहेको कार्यवाहक सभापति खड्काले विज्ञप्तिमा उल्लेख गर्नुभएको छ ।

“कांग्रेस राष्ट्रियता र लोकतन्त्रको धरोहरका रूपमा स्थापित भएकाले हाम्रो काँधमा फेरी एकपटक ऐतिहासिक जिम्मेवारी आएको छ । प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गएपछि विसं २०८३ वैशाखमा हुने १५औँ महाधिवेशनबाट पार्टीको नीतिमा आवश्यक परिमार्जन गरी नेतृत्व सहज रूपले परिवर्तन गर्न सक्ने अवस्था सुनिश्चित छ ।रासस

## राष्ट्रियसभा अधिवेशन आह्वान गर्न राष्ट्रपतिसमक्ष सिफारिस

काठमाण्डु । सरकारले राष्ट्रियसभाको अधिवशेन आह्वानका लागि राष्ट्रपति समक्ष सिफारिस गरेको छ । सिंहदरबारमा सोमबार बसेको मन्त्रिपरिषद् बैठकले सङ्घीय संसद्अन्तर्गतको राष्ट्रियसभाको अधिवेशन आगामी माघ ४ गते आइतबार बिहान ११ बजेका लागि आह्वान गर्न सिफारिस गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिनुभयो ।



बैठकले सन् २०२५ मार्चको भूकम्पबाट क्षतिग्रस्त म्यानमारको महामुनी फैया (बौद्ध पगौडा) को अभिलेखालय र गङ्गाघाट मन्दिरको पुनःनिर्माणका लागि अमेरिकी डलर तीन लाख ५० हजार उपलब्ध गराउने निर्णय गरेको छ । मन्त्रिपरिषद्ले अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)को सदस्य राष्ट्रको हैसियतले नेपालले बुझाउनुपर्ने सन् २०२४ को वार्षिक योगदान अमेरिकी डलर दुई लाख ८३ हजार ५०३ प्रदान गर्न स्वीकृति दिएको छ ।

मन्त्रिपरिषद्ले वित्तीय क्षेत्र रणनीति (२०८२/८३-२०८६/८७) र मानव बेचबिखनविरुद्धको राष्ट्रिय नीति २०८२ स्वीकृत गरेको छ । बैठकले गोरखापत्र संस्थानको अध्यक्षमा गोविन्दप्रसाद भण्डारी (भक्तपुर)लाई तोक्ने निर्णय गरेको मन्त्री खरेलले जानकारी दिनुभयो ।रासस

## गण्डकी र कोशी प्रदेशबीच पर्यटन प्रवर्द्धनका लागि समझदारीपत्रमा हस्ताक्षर



गण्डकी ।गण्डकी प्रदेश र कोशी प्रदेशबीच पर्यटन विकास, प्रवर्द्धन, पूर्वाधार, पहुँच विस्तार, मानव संसाधन विकास तथा संस्थागत सहकार्यलाई सुदृढ बनाउने लक्ष्यका साथ समझदारीपत्रमा हस्ताक्षर गरिएको छ ।

कोशी प्रदेश पर्यटन वर्ष २०८२ का सन्दर्भमा पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेशको आयोजना एवं नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स( नाट्टा) गण्डकी प्रदेशको संयोजनमा सोमबार पोखरामा आयोजित अन्तरप्रदेश प्रवर्द्धन कार्यक्रम एवं सद् भावना भ्रमण तथा अन्तरक्रियाका अवसरमा समझदारीपत्रमा हस्ताक्षर गरिएको हो ।

कार्यक्रममा गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्याल र कोशी प्रदेशका पर्यटन, वन तथा वातावरणमन्त्री भीम पराजुलीको उपस्थितिमा उक्त मन्त्रालयका निमित्त सचिव टीकाराम पौडेल र कोशी प्रदेशका पर्यटन सचिव डा इन्द्रप्रसाद सापकोटाले सहमतिपत्रमा हस्ताक्षर गर्नुभएको हो ।

दुवै प्रदेशको पर्यटन क्षेत्रको दिगो विकासमा योगदान पुर्‍याउने लक्ष्यका साथ गरिएको समझदारीपत्रमा दुवै प्रदेशका सरकारी कर्मचारी तथा सामुदायिक विद्यालयका शिक्षकहरूलाई लक्षित गरी अन्तर-प्रदेश भ्रमण कार्यक्रम सञ्चालन गर्न सरकारी तहमा प्रोत्साहन ‘प्याकेज’ तथा निजी/व्यावसायिक तहमा सुलभ पर्यटन ‘प्याकेज’ विकासका लागि पहल गर्ने उल्लेख छ ।

यस्तै, पोखरा-विराटनगर सीधा हवाई सेवा तथा पर्यटकीय बस सेवा सञ्चालनका लागि दुवै प्रदेशबाट संयुक्त रूपमा सङ्घीय सरकारसमक्ष आवश्यक पहल गर्ने, दुवै प्रदेशमा पर्यटन क्षेत्रका सन्दर्भमा भएका असल अभ्यासको आदानप्रदान, प्रमुख पर्यटकीय गन्तव्यहरूको प्रचारप्रसारका लागि समन्वय र सहकार्य गर्ने भनिएको छ ।

यसैगरी हवाई भाडासम्बन्धी विषयमा दुवै प्रदेशको आपसी सहमतिअनुसार आवश्यक सहकार्य र पहल गर्ने, संयुक्त रूपमा पर्यटन दूत नियुक्त गर्ने सम्बन्धमा पनि आपसी समझदारी कायम गर्ने उल्लेख छ ।

दुवै प्रदेशका धार्मिक तथा सांस्कृतिक गन्तव्यहरूलाई जोडेर धार्मिक पर्यटन सर्किट विकास तथा प्रवर्द्धन गर्ने उल्लेख गर्दै प्रथम चरणमा कोशी प्रदेशका पाथीभरा, बराहक्षेत्र र हलेसी तथा गण्डकी प्रदेशका मनकामना, मुक्तिनाथ र दामोदर कुण्डलगायतलाई धार्मिक पर्यटन सर्किटका रूपमा विकास गर्न दुवै प्रदेशले आवश्यक सहयोग र योगदान गर्ने उल्लेख गरिएको छ ।

अन्तरराष्ट्रिय पर्यटन प्रवर्द्धनका लागि सम्बन्धित पर्यटन बोर्ड तथा निकायमार्फत सहकार्य, दुवै प्रदेशका घरवास (होमस्टे)बीच भगिनी सम्बन्ध स्थापना गर्न पहल गर्ने समझदारीपत्रमा भनिएको छ । समझदारी कार्यान्वयनका क्रममा उत्पन्न हुनसक्ने कुनै पनि विवाद दुवै पक्षबीच आपसी छलफल, समन्वय र सहमतिका माध्यमबाट समाधान गरिने र यसका लागि दुवै प्रदेशका पर्यटन हेर्ने मन्त्रीको संयोजकत्वमा (आलोपालो) गण्डकी कोशी पर्यटन प्रवर्द्धन समन्वय समितिसमेत गठन गरिएको छ ।रासस

## प्रधानमन्त्री कार्कीसँग इजरायली राजदूतको शिष्टाचार भेट



काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीसँग नेपालका लागि इजरायली राजदूत स्मुलिक एरी बासले शिष्टाचार भेट गर्नुभएको छ ।

सोमबार अपराह्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको भेटका अवसरमा बासले नेपालको प्रथम महिला प्रधानन्यायाधीश र प्रथम महिला प्रधानमन्त्रीको रुपमा इतिहास बनाउनुभएकोमा बधाइ ज्ञापन गर्दै सफलताको शुभकामना दिनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्री कार्कीले धन्यवाद ज्ञापन गर्दै नेपाल-इजरायल बीचको मित्रवत् सम्बन्ध ६५ वर्ष पूरा भएकामा खुसी व्यक्त गर्नुभयो । त्यसैगरी दुई मुलुकबीचको मित्रवत् सम्बन्धलाई नयाँ उचाइमा पु-याउन दुवै तर्फबाट प्रयास जारी राख्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

राजदूत बासले नेपाल र इजरायलको सम्बन्ध सुमधुर रहेको जनाउँदै यसलाई थप प्रगाढ बनाउन प्रतिबद्ध रहेको जानकारी गराउनुभयो । साथै, हालै मात्र दुई मुलुकबीचको श्रम आप्रवासनसम्बन्धी सम्झौता तथा सोको कार्यान्वयनसम्बन्धी ‘ प्रोटोकल’हरुपारितभएकामानेपाल सरकारप्रतिधन्यवादव्यक्तगर्दैयसले नेपाली कामदारको इजरायलमा रोजगारीको अवसरलाई कानुनी आधार उपलब्ध हुने जानकारी गराउनुभयो ।

प्रधानमन्त्रीले नेपाली नागरिकलाई रोजगारीको अवसर उपलब्ध गराएकामा इजरायल सरकारलाई धन्यवाद दिँदै वर्तमान सरकारको प्रमुख प्राथमिकता प्रतिनिधिसभाको निर्वाचन रहेको जानकारी गराउनुभयो । निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न गर्न सरकार प्रतिबद्ध रहेको उहाँले उल्लेख गर्नुभयो ।

भेटका अवसरमा दुवै पक्षबाट नेपाल र इजरायलबीच कूटनीतिक सम्बन्ध स्थापनाको ६५औँ वर्षगाँठका अवसरमा केही थप महत्वपूर्ण कार्यको थालनी गर्ने कुरामा जोड दिइएको थियो ।रासस

# धरौटी राखेर भिसा लिने यात्रुका लागि अमेरिका प्रवेशबिन्दु थप, क्यानडा हुँदै पनि जान पाइने

बीबीसी

काठमाण्डु , अमेरिकी विदेश मन्त्रालयले तोकिएको धरौटी राखेर बी१/बी२ भिसा लिने नेपालसहित विभिन्न देशका नागरिकहरूका लागि अमेरिका प्रवेश गर्न र त्यहाँबाट बाहिरिन अध्यागमन बिन्दुहरू थपेर कुल नौ वटा बनाइएको जनाएको छ। तीमध्ये दुइटा क्यानडामा छन्।

गत वर्ष अगस्टमा मलावी र जाम्बियालाई सूचीमा राखेर सुरु भएको 'भिसा बन्ड पाइलट परियोजना' मा डिसेम्बरसम्म छ देश थिए। त्यतिबेला तिनीहरूका निम्ति अमेरिका प्रवेश गर्नका लागि तीनवटा अध्यागमन बिन्दु तोकिएको थियो।



अमेरिकी विदेश मन्त्रालयले यो महिना पहिलो चरणमा सात र दोस्रो चरणमा २५ गरी विभिन्न ३२ देश उक्त सूचीमा थपेपछि पर्यटकीय र व्यापारिक प्रयोजनका लागि 'भिजिट भिसा' लिन आवेदकहरूले धरौटी राख्नुपर्ने देशको सङ्ख्या ३८ पुगेको हो। अमेरिकाले गत वर्ष 'फेडरल रेजिस्टर'मा प्रकाशित गरेको एउटा सूचनामा अनुमति दिइएभन्दा बढी समय अमेरिकामै रहने 'भिसा ओभरस्टे' दर उच्च रहेका र भिसा प्रदान गर्नुअघि पर्याप्त वा प्रभावकारी परीक्षण नहुने देशका नागरिकहरूलाई यो पाइलट परियोजनामा समावेश गरिएको उल्लेख छ।

अमेरिका सरकारको एउटा प्रतिवेदनका अनुसार आर्थिक वर्ष २०२४ मा बी१/बी२ भिसा लिएर अमेरिका पुगेका नेपाली नागरिकमध्ये ३.१२ प्रतिशत व्यक्ति तोकिएको मितिभित्र अमेरिकाबाट नबाहिरिएको उल्लेख छ। प्रतिवेदनका अनुसार उक्त वर्ष ३४,०७० नेपाली नागरिक त्यस प्रकारको भिसामा अमेरिका पुगेका थिए तर तीमध्ये १,०६४ जनाले 'ओभरस्टे' गरेका थिए। नेपालको अध्यागमन विभागको तथ्याङ्कले सन् २०२५ मा अमेरिकाबाट ४६२ नेपाली नागरिकहरू देशनिकालामा परेर नेपाल आइपुगेको देखाउँछ।

अमेरिकी विदेश मन्त्रालयका एक प्रवक्ताले गत साता बीबीसी न्यूज नेपालीले सोधेका प्रश्नहरूको उत्तर दिँदै पठाएको इमेलमा उक्त कार्यक्रम अवैध आप्रवासन नियन्त्रण गर्न प्रभावकारी रहेको प्रमाणित भएको अनि आप्रवासनसम्बन्धी जोखिम र विदेशनीतिलाई समेत विचार गरेर उक्त सूचीमा बनाइएको दाबी गरेका थिए। 'भिसा बन्ड' भएका विदेशी नागरिकहरूका लागि पहिला बस्टनस्थित बस्टन लोगन अन्तर्राष्ट्रिय विमानस्थल (बीओएस), न्यूयोर्कस्थित जोन एफ केनडी अन्तर्राष्ट्रिय विमानस्थल (जेएफके) र वाशिङ्टन डीसीनजिकै रहेको डलस अन्तर्राष्ट्रिय विमानस्थल (आईएडी) लाई अध्यागमन बिन्दुका रूपमा प्रयोग गर्न भनिएको थियो। अमेरिका सरकारले तिनलाई कायम राख्दै अहिले अमेरिकामा चार वटा र क्यानडामा दुइटा अध्यागमन बिन्दु थपिएको जनाएको छ।

*न्यूयोर्कस्थित नेवार्क लिबर्टी अन्तर्राष्ट्रिय विमानस्थल (ईडब्ल्यूआर)*

*जोर्जा राज्यको एट्लान्टास्थित हाट्स्फील्ड-ज्याक्सन एट्लान्टा अन्तर्राष्ट्रिय विमानस्थल (एटीएल)*

*इलिनोई राज्यको शिकागोस्थित शिकागो ओ'हेर अन्तर्राष्ट्रिय विमानस्थल (ओआरडी)*

*क्यालिफोर्निया राज्यको लस एन्जलिसस्थित लस एन्जलिस अन्तर्राष्ट्रिय विमानस्थल (एलएएक्स)*

*क्यानडाको टोरन्टो पिअर्सन अन्तर्राष्ट्रिय विमानस्थल (वाईवाईजेड)*

*क्यानडाको मोन्ट्रिअल-पिएर इलिअट ट्रूडो अन्तर्राष्ट्रिय विमानस्थल (वाईयूएल)*

अमेरिकी विदेश मन्त्रालयका अनुसार भिसावाहकहरूले तोकिएका स्थानबाहेक अन्यत्रबाट प्रवेश गर्न खोजे त्यसका लागि अनुमति प्रदान नहुन वा प्रस्थान गरेको अभिलेख नरहन सक्छ। अमेरिकाले गत वर्ष अगस्टमा 'भिसा बन्ड' पाइलट परियोजना "एक वर्षका लागि" सुरु गरेको थियो।

अमेरिकाले भिसा बन्डका लागि सूचीकृत गरेका देशहरूमध्ये अधिकांश अफ्रिकाका रहेको देखिन्छ। यद्यपि गत साता दक्षिण एशियाका नेपालसहित बाङ्लादेश र भुटान अनि मध्यएशिया र प्रशान्त क्षेत्रका विभिन्न देशहरू पनि त्यसमा थपिएको बताइएको थियो। उक्त सूचीमा भेनेजुएला र क्यूबा पनि छन्।अमेरिकी विदेश मन्त्रालयका अनुसार आवेदकहरूले भिसा अन्तर्वार्ताका क्रममा निर्धारण भएअनुसार पाँच हजार, १० हजार वा १५ हजार अमेरिकी डलर धरौटी राख्नुपर्छ। तर धरौटी राख्दैमा भिसा पाइने सुनिश्चित भने नहुने र यात्रुले भिसाका सर्तहरू उल्लङ्घन गरे धरौटी राखिएको रकम जफत हुन सक्ने पनि जनाइएको छ।

तोकिएको मितिमा अमेरिकाबाट नियमसम्मत तरिकाले फिर्ता हुने यात्रुहरूले धरौटी राखिएको रकम फिर्ता पाउने छन्। तर कसैले बी१/बी२ भिसामा गएर निर्धारित समयभन्दा बढी बस्ने, शरण माग गर्ने वा गैरआप्रवासीबाट अन्य हैसियत खोज्ने जस्ता काम गरे त्यसले 'भिसा बन्ड' उल्लङ्घन भएको ठहर्ने र त्यस्ता व्यक्तिबारे नागरिकता र आप्रवासन हेर्ने अमेरिकी निकाय यूएससीआईएसले थप अनुसन्धान र कारबाही गर्ने बताइएको छ। गत वर्ष ज्यानुअरीमा फेरि राष्ट्रपति पदमा बहाल भएपछि डोनल्ड ट्रम्पले आप्रवासन नीतिलाई कडा बनाउँदै लगेका छन्।

गत महिना डिसेम्बरमा रोड आइल्यान्डस्थित ब्राउन यूनिभर्सिटीमा भएको एउटा गोलीकाण्डपछि राष्ट्रपति ट्रम्पले चिट्ठाबाट आप्रवासनका लागि दिइने 'डाइभर्सिटी भिसा' कार्यक्रम स्थगित गरिदिए। उक्त गोलीकाण्ड गराएको भनिएका सन्दिग्ध व्यक्ति सन् २०१७ मा डीभी कार्यक्रमबाट छानिएर अमेरिका पुगेको खुलेको थियो।

ट्रम्पले डीभी कार्यक्रमलाई "विनाशकारी" भन्दै त्यसबाट "अमेरिकी नाागरिकहरूलाई अब हानि नहोस् भन्ने सुनिश्चित गर्न" त्यसलाई स्थगित गर्न निर्देशन दिएको आन्तरिक सुरक्षामन्त्री क्रिस्टी नोएमले बताएकी थिइन्।डीभी कार्यक्रमअन्तर्गत प्रत्येक वर्ष ५०,००० जनाले आप्रवासी भिसा पाउने गरेका थिए। उक्त कार्यक्रम नेपाली नागरिकहरूमाझ पनि लोकप्रिय थियो।अमेरिका सरकारले गत वर्ष डीभी आवेदकहरूसँग केही शुल्क लिने निर्णय गरेको थियो। तर त्यो लागु हुनुअघि नै पूरै कार्यक्रम स्थगित भएको छ।

# खेलकुदको हब बन्दै बिपी पार्क



तम्घास । रेसुङ्गा नगरपालिकाको फोर्टिन स्टार युवा क्लबले प्रत्येक वर्ष सदरमुकाम तम्घासको चिदिचौर खेलमैदानमा जिल्लास्तरीय छात्र फुटबल प्रतियोगिता सञ्चालन गर्थ्यो ।

उक्त खेलमैदानमा विभिन्न जिल्लास्तरीय खेलकुदका प्रतियोगिता हुने गर्दथे । यसपटक भने तम्घासको चिदिचौर खेलमैदान निर्माणाधीन छ ।

त्यसले गर्दा कुनै पनि खेलकुदका कार्यक्रम सञ्चालन भएका छैनन् । यस वर्ष गर्ने कि नगर्ने भन्ने थियो । गुल्मीको इस्मा गाउँपालिकाले वडा नम्बर १ झरनामा पालिकाले जैढुङ्गा बिपी पार्कसँगै अन्तरराष्ट्रिय मापदण्डको क्रिकेट रङ्गशाला निर्माण गऱ्यो । त्यसले गर्दा जिल्लामा हुने विभिन्न प्रतियोगिता अहिले उक्त रङ्गशालामा हुने गरेका छन् ।

सदरमुकाम तम्घासबाट जम्मा १४ किलोमिटर टाढा रहेको खेलमैदानमा जिल्लादेखि स्थानीयस्तरका सबै खेलकुदका कार्यक्रम सञ्चालन भइरहेका छन् । "खेलमैदानको अभावमा यस वर्ष खेलकुद प्रतियोगिता सञ्चालन गर्ने कि नगर्ने भन्ने थियो", क्लबका अध्यक्ष नारायण आचार्यले भन्नुभयो, "इस्मामा आकर्षक खेलमैदान बनेको रहेछ, पालिकाले सहयोग गर्ने भए पनि जैढुङ्गा बिपी पार्कमा प्रतियोगिताको आयोजना गर्‍यौं ।"

उहाँले क्रिकेट मैदानलाई फुटबल मैदानका रुपमा प्रयोग गरी प्रतियोगिता सञ्चालन गरेको बताउनुभयो । ग्रासरुटका खेलाडी उत्पादन गर्न खेलमैदानले सहयोग गरेको उहाँको भनाइ छ । सदरमुकामको खेलमैदान निर्माणाधीन हुँदा यस वर्ष जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड, जिल्लास्तरीय छात्रा फुटबल प्रतियोगितालगायत सदरमुकाम बाहिर सञ्चालन गरिएको थियो ।

### इस्मामा एक महिनामै पाच वटा प्रतियोगिता सम्पन्न

पार्कमा दिनहुँजसो खेलकुदका कार्यक्रम सञ्चालन हुन थालेपछि इस्मा गाउँपालिका खेलकुदमय बन्न थालेको छ। पछिल्लो एक महिनामै पार्कमा पाँच विभिन्न खेलकुदका प्रतियोगिता सम्पन्न भएका छन् । सबैभन्दा पहिले इस्माकै परिवर्तन युवा क्लबले गत मङ्सिर २० देखि २५ गतेसम्म क्रिकेट प्रतियोगिताको आयोजना गरेको थियो ।

कूल १० टोली सहभागी प्रतियोगिताको उपाधि रुपन्देहीको देवहदको युवा क्लब हात पारेको थियो । दोस्रो खेल गुल्मीको राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान र पत्रकार महासङ्घबीच मैत्रीपूर्ण भएको थियो । तेस्रो खेलका रुपमा फोर्टिन स्टार युवा क्लबले पुस ८ देखि १० गतेसम्म जिल्लाका माध्यमिक विद्यालयस्तरीय फुटबल प्रतियोगिता गरेको थियो ।

त्यसैगरी चौथो खेल पुस १५ गते विद्युत् कर्मचारी र पत्रकारबीच मैत्रीपूर्ण क्रिकेट प्रतियोगिता तथा पाँचौं खेलको रुपमा पुस २४ देखि २६ गतेसम्म इस्माको राष्ट्रपति रनिङ शिल्ड सम्पन्न भयो । अब छैठौं खेलका रुपमा तम्घासको खुकुरी युवा क्लबले आगामी माघ ६ देखि १० गतेसम्म विद्यालयस्तरीय क्रिकेट प्रतियोगिताको आयोजना गरेको वडाध्यक्ष शेरबहादुर कुँवरले जानकारी दिनुभयो ।

कुँवरले पछिल्लो समय पार्कमा घुमफिर, पिकनिक एवं खेलकुदका धेरै कार्यक्रम सञ्चालन हुँदा स्थानीयस्तरमा आर्थिक चलायमान बढेको बताउनुभयो । स्थानीय उत्पादन बिक्री हुनुका साथै चटपटे, होटल व्यवसाय, फलफुल व्यवसाय लगायतका व्यवसाय बढ्ने र घडेरीको मूल्य वृद्धि भएको वडाध्यक्ष कुँवरको भनाइ छ ।

पछिल्लो समय युवामा क्रिकेटप्रतिको मोह बढ्दै गएपछि इस्मा गाउँपालिकाले वडा नम्बर १ मा बिपी पार्कको नाममा क्रिकेट रङ्गशालाको निर्माण गरेको थियो । सार्वजनिक जग्गा सदुपयोग गरेर बनाइएको उक्त खेलमैदानमा पार्क र वनभोज स्थलसमेत बनाइएको छ। मदन भण्डारी राजमार्गको छेउमा पर्ने जैढुङ्गा बिपी पार्कको काम २०७९ सालबाट सुरु भएको थियो। पहिलो वर्ष २०७९ मा रु पाँच लाख, २०८०/८१ मा रु एक करोड र २०८१/८२ मा रु एक करोड २३ लाख लागतमा खेलमैदानसहितको संरचना तयार भएको गाउँपालिका उपाध्यक्ष एवं प्रवक्ता पार्वती कुँवरले बताउनुभयो।

उहाँले पार्कमा माटो बिछ्याउने, खोलाको किनारमा पर्खाल लगाउने, ग्याभिन जाली, तारजाली घेराबार, बगैंचा निर्माण, पिकनिकका लागि संरचना तयार, फलफूलका बिरुवा रोपण, पिउने पानी, पार्किङ, शौचालयलगायत संरचना तयार गरेको बताउनुभयो।

"खेलकुदको नयाँ घरका रुपमा खेलमैदान निर्माण गरेका छौं", उपाध्यक्ष कुँवरले भन्नुभयो, "भविष्यमा समग्र जिल्लाको खेल पर्यटनलाई वृद्धि गर्ने लक्ष्य लिएका छौं ।" उहाँले जेनजी आन्दोलनका कारण सङ्घीय सरकारको रु तीन करोड बजेट रोकिए पनि आगामी वर्षहरुमा खेलमैदानलाई थप आकर्षक र स्तरोन्नति गर्ने योजना रहेको बताउनुभयो । खेलमैदान निर्माणपछि स्थानीय खेलाडीलाई खेलप्रति मोह बढेको कुँवरको भनाइ छ ।रासस

# मोदी–मेर्ज वार्ता गान्धीनगरमा



एएनआई

अहमदाबाद । प्रधानमन्त्री नरेन्द्र मोदीले जर्मन सङ्घीय चान्सलर फ्रेडरिक मेर्जसँग सोमबार गान्धीनगरमा प्रतिनिधिमण्डल स्तरको वार्ता गर्नुभएको छ । चान्सलर मेर्जको यो भारतप्रतिको पहिलो आधिकारिक भ्रमण हो, जुन भारत-जर्मनी कूटनीतिक सम्बन्धको ७५ वर्ष र रणनीतिक साझेदारीको २५ वर्ष पूरा भएको अवसरसँग मेल खान्छ ।

दुई दिने आधिकारिक भ्रमणमा रहनुभएका चान्सलर मेर्जको यो भ्रमणको मुख्य उद्देश्य भारत र जर्मनीबीचको द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ बनाउनु रहेको जनाइएको छ । गान्धीनगर स्थित महात्मा मन्दिरमा सम्पन्न वार्तामा विदेशमन्त्री एस. जयशङ्कर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल र विदेश सचिव विक्रम मिस्री पनि सहभागी हुनुहुन्थ्यो ।

वार्ताका क्रममा दुवै नेताले व्यापार, लगानी, प्रविधि, शिक्षा, सीप विकास र श्रम गतिशीलतामा भइरहेको सहकार्यको समीक्षा गर्नुभयो । साथै रक्षा, सुरक्षा, विज्ञान, नवीनता, अनुसन्धान र दिगो विकासका क्षेत्रमा सहकार्य विस्तार गर्ने सम्भावनाबारे पनि छलफल गर्नुभयो ।

यसअघि प्रधानमन्त्री मोदीले चान्सलर मेर्जसँग अहमदाबादस्थित साबरमती आश्रममा न्यानो स्वागत गर्नुभएको थियो । पदभार सम्हालेपछि भारतको पहिलो भ्रमणमा आउनुभएका चान्सलर मेर्जले त्यहाँ राष्ट्रपिता महात्मा गान्धीप्रति पुष्पाञ्जलि अर्पण गर्नुभयो र आगन्तुक पुस्तिकामा हस्ताक्षर गर्नुभयो ।त्यसपछि दुवै नेताले संयुक्त रूपमा साबरमती रिवरफ्रन्टमा अन्तर्राष्ट्रिय चङ्गा महोत्सव-२०२६ को उद्घाटन गर्नुभयो । सांस्कृतिक र कूटनीतिक महत्त्व बोकेको उक्त कार्यक्रममा प्रधानमन्त्री मोदी र चान्सलर मेर्जले भगवान हनुमानको चित्र अङ्कित चङ्गा उडाएको दृश्य पनि देखिएको थियो ।

जर्मन चान्सलर मेर्ज सोमबार बिहान दुई दिने आधिकारिक भ्रमणका लागि भारत आइपुग्नुभएको हो । उहाँ जनवरी १२ र १३ तारिख भारतमा रहने कार्यक्रम छ । जनवरी १३ मा उहाँले बोश, नानो विज्ञान तथा इन्जिनियरिङ र सेन्से संस्थाको भ्रमण गरी जर्मनी प्रस्थान गर्ने कार्यक्रम तय भएको छ ।यो भ्रमणले नियमित उच्चस्तरीय राजनीतिक संवादलाई थप गति दिने र दुवै देश तथा विश्व समुदायको हितका लागि अग्रगामी साझेदारी विकास गर्ने भारत-जर्मनी साझा दृष्टिकोणलाई पुनः पुष्टि गर्ने अपेक्षा गरिएको छ ।

> प्रधानमन्त्री मोदी र चान्सलर मेर्ज यसअघि क्यानाडामा भएको जी–७ शिखर सम्मेलनको साइडलाइनमा भेट गर्नुभएको थियो । त्यहाँ उहाँहरूबीच द्विपक्षीय रणनीतिक साझेदारी विस्तार गर्ने सहमति भएको थियो । सोही अवसरमा प्रधानमन्त्री मोदीले चान्सलर मेर्जलाई नयाँदिल्लीको आधिकारिक भ्रमणको निम्तो दिनुभएको थियो ।

प्रधानमन्त्री मोदी र चान्सलर मेर्ज यसअघि क्यानाडामा भएको जी-७ शिखर सम्मेलनको साइडलाइनमा भेट गर्नुभएको थियो। त्यहाँ उहाँहरूबीच द्विपक्षीय रणनीतिक साझेदारी विस्तार गर्ने सहमति भएको थियो । सोही अवसरमा प्रधानमन्त्री मोदीले चान्सलर मेर्जलाई नयाँदिल्लीको आधिकारिक भ्रमणको निम्तो दिनुभएको थियो ।

उल्लेखनीय रूपमा, यो भ्रमण जनवरी २७ मा हुने भारत-युरोपेली सङ्घ (इयु) शिखर सम्मेलनको पूर्वसन्ध्यामा भइरहेको छ, जसले यसलाई थप कूटनीतिक महत्त्व प्रदान गरेको छ ।रासस

# पाकिस्तान-अफगानिस्तान सीमा बन्द हुँदा अरबौंको घाटा, व्यापार र अर्थतन्त्रमा ठूलो झट्का

एएनआई

खैबर पख्तुनख्वा । करीव तीन महिना भन्दा बढी समय देखि पाकिस्तान र अफगानिस्तान बिचको व्यापार कोरिडोरको नाकाबंदीले राष्ट्रिय तथा क्षेत्रीय स्तरमा अरबौं रुपियाँको आर्थिक क्षति पुर्याएको व्यापारिक प्रतिनिधिहरूलाई उदृत गर्दै डन समाचारले रिपोर्ट गरेको छ। उनीहरुका अनुसार सीमापार व्यापारको अवरोधले निर्यात, आपसी वाणिज्य, यातायात लगायत राज्यको राजस्वमा नराम्रो असर पारेको छ। जसले देशको समग्र अर्थतन्त्रमा विशेष गरी खैबर पख्तुनख्वालाई गम्भीर धक्का दिएको छ, जहाँ व्यापारीहरू अफगानिस्तानसँगको वाणिज्यमा धैरै निर्भर थिए।

पाकिस्तान-अफगानिस्तान जोइन्ट चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजका वरिष्ठ उपाध्यक्ष जियाउल हक सरहदी र सरहद चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजका सदस्य मञ्जुर इलाहीले संयुक्त प्रेस विज्ञप्ति मार्फत यस्तो टिप्पणी गरेको जनाइएको छ।

# अमेरिकाले आक्रमण गरे प्रत्याक्रमण गर्ने इरानको चेतावनी

बीबीसी

काठमाण्डु । सरकारविरोधी सयौं प्रदर्शनकारी मारिएका बीबीसी स्रोत र अधिकारकर्मीहरूले बताइरहँदा आफ्नो देशमाथि संयुक्त राज्य अमेरिकाले आक्रमण गरेमा प्रत्याक्रमण गर्ने इरानले चेतावनी दिएको छ।



"यहाँको अवस्था निकै खराब छ," तेहरानस्थित एउटा स्रोतले आइतवार भन्यो। "हाम्रा धेरै साथी मारिएका छन्। सीधै गोली हानिएको छ। युद्धमैदान जस्तै भएको छ, सडकहरू रक्ताम्मे भएका छन्। शवहरू ट्रकमा राखेर उनीहरूले लगिरहेका छन्।"राजधानी तेहराननजिक रहेको एउटा शवगृहबाट प्राप्त फूटेजमा कम्तीमा १८० वटा शव रहेका बीबीसीको गन्तीबाट देखिन्छ। अमेरिकामा अवस्थित ह्युमन राइट्स एक्टिभिस्ट न्यूज एजेन्सीका अनुसार देशभरि ४९५ जना प्रदर्शनकारी र ४८ जना सुरक्षाकर्मी मारिएका उसले पुष्टि गरेको छ।

प्रदर्शनका बीच दश हजार ६०० जना व्यक्तिलाई गिरफ्तार गरिएको उक्त संस्थाले जनाएको छ। प्रदर्शनकारीहरू मारिएका घटनालाई लिएर अमेरिकाले इरानमाथि आक्रमण गर्ने चेतावनी दिएको छ भने अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले इरानले "स्वतन्त्रता खोजिरहेको" भन्दै "सहयोग गर्न अमेरिका तयार रहेको" शनिवार बताएका थिए।अमेरिकाले के विचार गरिरहेको छ भन्नेबारे ट्रम्पले विस्तृत रूपमा उल्लेख गरेनन्।

बीबीसीको अमेरिकी समाचार साझेदार सीबीएस न्यूजलाई एक अमेरिकी अधिकारीले बताएअनुसार इरानमाथि सैनिक हमलाका विकल्पहरूबारे ट्रम्पलाई बताइएको छ। अरू विकल्पहरूमा सरकारविरोधी अनलाइन स्रोतहरूलाई सशक्त बनाउने, इरानी सेनाविरुद्ध साइबर अस्त्रहरूको प्रयोग गर्ने अथवा इरानमाथि थप प्रतिबन्धहरू हुन सक्ने अधिकारीहरूले द वाल स्ट्रीट जर्नललाई बताएका छन्।

इरानी संसद्का सभामुखले यदि संयुक्त राज्य अमेरिकाले आक्रमण गरेमा सो क्षेत्रमा इजरेल र अमेरिकी सेना तथा तिनका पानीजहाज केन्द्रहरू जायज निशाना बन्ने चेतावनी दिएका छन्।महँगीविरुद्ध शुरू भएका प्रदर्शनहरूले अहिले इरानका सर्वोच्च नेता अयातोल्लाह अली खामेनेईको शासन अन्त्य हुनुपर्ने माग गरिरहेका छन्।

> "करिब ३८ जनाको मृत्यु भएको छ। तीमध्ये धेरैको चाहिँ आपत्कालीन शय्यामा पुऱ्याउनासाथ मृत्यु भयो...युवाहरुका टाउकोमा र मुटुमा पनि सीधै गोली हानिएको देखिन्छ। धेरै त अस्पतालसम्म पुग्न सकेनन्।"

इरानका महान्यायाधिवक्ताले विरोध गर्ने जोसुकैलाई "ईश्वरको शत्रु" मानिने बताएका छन्, जुन अपराधका लागि मृत्युदण्डको व्यवस्था छ। अर्कोतर्फ सर्वोच्च नेता खामेनेईले प्रदर्शनकारीहरूलाई "ट्रम्पलाई खुशी पार्न चाहिरहेका" "उपद्रयाहाहरूका जमात" भनी सङ्ज्ञा दिएका छन्।"अमेरिका र इजरेलविरुद्ध इरान राष्ट्रको लडाइँमा मारिएका शहीदहरूको" सम्झनामा भन्दै इरानले आइतवार तीनदिने शोक घोषणा गरेको छ।शुक्रवार राति राश्त शहरस्थित एउटा अस्पतालमा ७० वटा शव पुऱ्याइएको बीबीसी पर्सिअनले पुष्टि गरेको छ।

अर्कोतर्फ तेहरानस्थित एक अस्पतालका स्वास्थ्यकर्मीले बीबीसीसँग भनेः "करिब ३८ जनाको मृत्यु भएको छ। तीमध्ये धेरैको चाहिँ आपत्कालीन शय्यामा पुऱ्याउनासाथ मृत्यु भयो...युवाहरूका टाउकोमा र मुटुमा पनि सीधै गोली हानिएको देखिन्छ। धेरै त अस्पतालसम्म पुग्न सकेनन्।" बीबीसी र अरू अधिकांश अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले इरान भित्रैबाट समाचार पस्कन सकिरहेका छैनन्।

इरान सरकारले गत बिहीवारबाट देशमा इन्टरनेट बन्द गराउँदा सूचना लिन र तिनको पुष्टि गर्न कठिन भएको छ।इरानका राष्ट्रपति मसूद पेजेश्किआनले आफ्नो देशमा उत्पन्न तनावका लागि अमेरिका र इजरेलमाथि आरोप लगाएका छन्।

"उनीहरूले केही व्यक्तिहरूलाई देशभित्रै र बाहिर प्रशिक्षित गरेका छन्, बाहिरबाट आतङ्कवादीहरू भित्र्याएका छन्, मस्जिदहरूमा आगो लगाएका छन् र बजारमा आगजनी गरी राश्तमा बजार तथा संस्थाहरूमाथि हमला गरेका छन्," कुनै प्रमाण नदिई उनले भने ।

# लोप हुँदै थारु पोसाक

तुलसीपुर। कुनै समय थारु समुदायका पुरुषले कछौटी, टेनिहा झुल्वा, पग्या लगाउथे भने विवाहित महिलाले डइनाहा, झूल्वा लगाउथे। अविवाहितले चोल्या, गोन्या लगाउथे। थारु समुदायले सधैँ लगाउने ती पोसाकले कला, संस्कृति र पहिचान झल्काउथ्यो।

अहिले थारु समुदायले पोसाक लगाउने गरे पनि नयाँ पुस्ताले खासै चासो नदिएका उहाँको भनाइ छ। यस्ता पोसाक संरक्षण गर्न विभिन्न कार्यक्रम हुँदै आए पनि औपचारिकमा मात्रै सीमित हुने गरेका उहाँले बताउनुभयो।

आधुनिक समाजसँग थारु समुदाय पनि घुलमिल हुँदा आफ्ना पहिचानको संरक्षणमा



त्यस्तो पोसाक लगाएको कमै देखिन्छ। कुनै कार्यक्रम वा पोसाकको सन्देश दिनका लागिबाहेक अन्य समयमा ती पोसाक लगाउने गरिँदैन।

पहिला पोसाकले पहिचान झल्काउने बताउँदै पछिल्लो समय पोसाक लगाउनेहरू कम हुँदै जाँदा थारु समुदायका र अन्य समुदायका व्यक्तिमा फरक छुट्याउन नसकिने तुलसीपुर स्थित नमूना भुह्यारथान दाङका अध्यक्ष रामशरण चौधरीले बताउनुभयो। "थारु समुदायका आफ्नै पहिचान छन् पहिरन छन्। हाम्रा पूर्खाले त्यस्ता पहिरन लगाउने गर्नुहुन्थ्यो", उहाँले भन्नुभयो, "तर, अब त्यो हराउने अवस्थामा पुगेको छ।"

अहिले बुढापाकाले ती चासो नदिएका अध्यक्ष चौधरीले बताउनुभयो। "थारु समुदायको कार्यक्रममा केहीले मौलिक पोसाक लगाएको देखिन्छ", उहाँले भन्नुभयो, "त्यो बाहेक अन्य समयमा लगाएको पाइँदैन।" अहिले थारु समुदायको पोसाक देख्दा आफ्नै समुदायका व्यक्तिले अनौठो मान्ने अवस्था आइसकेको उहाँको भनाइ छ।

स्थानीय सरकार तथा सरोकार भएका निकायले थारुलगायत विभिन्न जातजातिका मौलिक कला, संस्कृति, पोसाक, परम्परा संरक्षण र प्रवर्द्धनसँगै पुस्तान्तरणमा जोड दिनुपर्ने अध्यक्ष चौधरीले बताउनुभयो।रासस

# ऐतिहासिक गढी र एकीकरणको स्मरण गर्दै पदयात्रा

धरान। ३०४औँ पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस-२०८२ को अवसरमा धरानस्थित विजयपुरगढीबाट धनकुटाको साँगुरीगढीसम्म ऐतिहासिक गढी र एकीकरणको स्मरण गर्दै नेपाली सेनाले आइतबार पदयात्रा सुरु गरेको छ। 'निशान पदयात्रा' नाम दिइएको यस यात्राले ऐतिहासिक गढी र किल्लाको महत्व स्मरण गर्दै पूर्वी नेपालको एकीकरण अभियान उजागर गर्ने जनाइएको छ।

ऐतिहासिक गढीको सम्बन्ध र भुमिकालाई जोड्दै आयोजना गरिएको यस कार्यक्रम महत्वपूर्ण रहेको धरान उपमहानगरपालिकाका उपप्रमुख अइन्द्र बिक्रम बेघाले बताउनुभयो। "नेपाली सेनाले आयोजना गर्दै आएको यस कार्यक्रममा यस वर्ष धरान उपमहानगरपालिकाले पनि सहकार्य गर्न पाउँदा हामी खुसी छौँ", उहाँले भन्नुभयो, "इतिहासमा हाम्रा अग्रजले कहाँ कसरी लडे, कसरी किल्ला खडा गरे र ती किल्लाको महत्व तथा भुमिका के थियो भन्ने कुरा पुनः स्मरण गर्ने अवसर यो कार्यक्रमले दिएको छ।"



**संक्षिप्त इतिहास**

धरानस्थित विजयपुरगढी पूर्वी नेपालको रणनीतिक र ऐतिहासिक दृष्टिले महत्वपूर्ण गढी मानिन्छ। गोरखाका राजा पृथ्वीनारायण शाहले स-साना राज्यलाई एकीकरण गर्ने क्रममा विभिन्न स्थानमा गढी, किल्ला र पदमार्ग प्रयोगमा ल्याएका थिए। कोशी प्रदेशमा पनि यी मार्ग र किल्ला महत्वपूर्ण रणनीतिक केन्द्रका रूपमा प्रयोग भएको इतिहासमा उल्लेख छ।

विशेषगरी पूर्वमा हतुवागढी-भोजपुर, साँगुरीगढी-धनकुटा,विजयपुरगढी-सुनसरी, हेदङ्गनागढी-संखुवासभा, चौदण्डिगढी-उदयपुर, चन्द्रगढी-झापा र गढीथुम्का-इलामजस्ता मुख्य गढी ऐतिहासिक दृष्टिले महत्वपूर्ण मानिन्छन्।

विजयपुरगढी क्षेत्र तत्कालीन मोरङ राज्यको राजधानी विजयपुरको रूपमा विसं १७२७ मा स्वतन्त्र भएको थियो। त्यसभन्दा पहिले यो क्षेत्र मकवानपुरको सेन राज्यको अधीनमा थियो। यहाँका पहिलो राजा इन्द्रसेन थिए र तत्कालिन समयमा लालकोट, माथिल्लोकोट, तल्लोकोट र साँगुरीगढीजस्ता बलिया किल्ला/गढी यहाँ अवस्थित थिए। विजयपुर त्यतिबेला पूर्वीक्षेत्रको प्रशासन, व्यापार र सैनिक शक्ति केन्द्र थियो र यहाँबाट सिक्किमसम्मको प्रशासन सञ्चालन हुने गरेको थियो।

नेपाल एकीकरण अभियानका क्रममा राजा पृथ्वीनारायण शाहले किरात राज्यमाथि आक्रमण गर्न सरदार रामकृष्ण कुँवरलाई खटाएका थिए। सन् १७७२ मा रामकृष्ण कुँवरले दूधकोशी नदी पार गरी किरात क्षेत्रका राजा कर्ण सेनमाथि विजय हासिल गरेका थिए। त्यसपछि विजयपुर क्षेत्र नेपालमा समाहित भयो र पूर्वीसीमासम्म गोर्खाली विजय अभियान अघि बढेको बताइन्छ।

विजयपुरगढी-साँगुरीगढी पदयात्रा सेनाले बर्सेनी आयोजना गर्दै आएको छ। साँगुरीगढीको ऐतिहासिक स्थलसँगै पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस मनाउँदै आएको साँगुरीगढी गाउँपालिकाका अध्यक्ष जितेन्द्र रुम्दालीले बताउनुभयो। "पुराना गढी र किल्लाको संरक्षण, पहिचान र प्रवर्द्धन गर्ने उद्देश्यले नेपाली सेनासँग मिलेर हामीले यस कार्यक्रमलाई निरन्तरता दिँदै आएका छौँ", उहाँले भन्नुभयो, "यस वर्षको कार्यक्रम विशेषगरी धरान उपमहानगरपालिका-१४ मा रहेको विजयपुरगढी र साँगुरीगढीको ऐतिहासिक महत्वलाई जोडेर आयोजना गरिएको छ। गत वर्षसम्म साँगुरीगढी 'रन' कार्यक्रमको रूपमा मात्र सञ्चालन हुँदै आएको भए पनि यस वर्ष धरानको विजयपुरगढीदेखि साँगुरीगढीसम्मको पूर्ण दौड आयोजना गरिएको छ।"

विजयपुरगढी र साँगुरीगढीबीचको ऐतिहासिक सम्बन्ध उजागर गर्दै, भविष्यमा यी स्थललाई पर्यटनका लागि प्रवर्द्धन गर्ने, गढी-किल्लाको संरक्षण सुनिश्चित गर्ने र स्थानीय ऐतिहासिक भूक्षेत्रको महत्व स्थापित गर्ने अवसर प्रदान हुने विश्वास लिइएको छ। पदयात्राले केवल ऐतिहासिकस्थलको स्मरण मात्र नभएर राष्ट्रिय एकता र देशप्रेम प्रवर्द्धन गर्ने काम गर्नुका साथै आगामी पुस्तामा इतिहासप्रतिको चेतना जगाउने सेनाको भनाइ छ।

पदयात्राको अवसरमा विजयपुरगढी-साँगुरीगढी दौड आयोजना गरिएको थियो। जसमा पाँच किलोमिटर दौड (महिला र पुरुष ) र १० किलोमिटर दौड (पुरुष/महिला) विधा समावेश गरिएको थियो। १० किलोमिटर खुल्ला दौडमा पुरुष २३६ जना र महिला ४० जना साथै पाँच किलोमिटर दौडमा छात्र ८० जना र छात्रा ३८ जनाको सहभागिता रहेको थियो।

दस किलोमिटर दौडमा पहिलो, दोस्रो र तेस्रो हुनेलाई क्रमश रु २५ हजार रु १५ हजार र रु १० हजार नगद पुरस्कार, मेडल र प्रमाणपत्र प्रदान गरियो भने पाँच किलोमिटर दौडमा प्रथम, दोस्रो र तेस्रो हुने महिला, पुरुषलाई क्रमशः रु १२ हजार, रु आठ हजार र रु पाँच हजार नगद पुरस्कार, मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो। साथै उत्कृष्ट १० भित्र पर्ने अन्य सहभागीलाई पनि प्रमाणपत्र प्रदान गरिएको नेपाली सेनाले जनाएको छ।

हरेक वर्ष सञ्चालन हुँदै आएको यस कार्यक्रममा नेपाली सेना, पूर्वीपृतना हेड क्वार्टर इटहरी, श्री नं २ वाहिनी अड्डा, श्री भीमदल गण, श्री भगवतीदल गण, विभिन्न गण, धरान उपमहानगरपालिका, धनकुटा नगरपालिका, पाख्रीबास नगरपालिका र साँगुरीगढी गाउँपालिकाको संयुक्त आयोजना हुने गरेको छ। ऐतिहासिक निशान पदयात्रा आगामी पुस ३० गते धनकुटाको पाख्रिबासमा पुगेर समापन गरिने सेनाले जनाएको छ।

कार्यक्रममा धरान उपमहानगरपालिकाका नगर प्रमुखहर्कराज साम्पाङ्ग राई, श्री पूर्वीपृतना हेडक्वाटरका पृतनापति उपरथी श्री गौरवकुमार केसी, श्री नं २ वाहिनी अड्डाका वाहिनीपति सहायक रथी श्री दिवाकर विक्रम राणा, सुनसरी प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरे, धनकुटाका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्का, सुनसरी श्री भगवतीदल गणका प्रमुख सेनानी श्री राजन भूजु, धनकुटास्थित श्री भीमदल गणका गणपति गणेश थापालगायतको उपस्थिति थियो।रासस

# कृत्रिम खुट्टाकै सहारामा सातै महादेशका शिखर आरोहण

बेलायत। "शरीरको कुनै अङ्गमा खोट हुँदैमा जीवन निरर्थक हुँदैन", कृत्रिम खुट्टाको सहायतामा यही पुस २२ गते करिब माइनस २५ डिग्री चिसोमा अन्टार्टिकाको माउन्ट भिन्सन आरोहण गरेर फर्किनुभएका हरि बुढामगरले भन्नुभयो, "म फरक क्षमता भएका मानिसलाई आफ्नो क्षमता चिनेर हरेक दिन सपनाको सगरमाथा चढ्न प्रेरित गर्छु। मेहनत गरे सफलता पाइन्छ भन्ने उदाहरण म आफैँ छु।"

समुद्री सतहदेखि चार हजार ८९२ मिटर अग्लो माउन्ट भिन्सनको सफल आरोहण गरेसँगै पूर्व गोर्खासमेत रहनुभएका हरि बुढामगरले विश्वको सातै महादेशका अग्ला चुचुराको आरोहण पुरा गर्नुभएको छ। ४६ वर्षअघि रोल्पाको दुर्गम गाउँ मिरुलमा जन्मिनुभएका हरि विश्व समुदायकै लागि एक साहसको पर्याय बन्नुभएको छ।



रासससँग आफ्नो आरोहण अनुभव सुनाउँदै उहाँले भन्नुभयो, "यो उपलब्धि प्राप्त गर्नु धेरै कठिन थियो। तीव्र हावा र कठ्याङ्ग्रिदो चिसोले मेरा औँला जमिरहेका थिए। मेरो अनुहारमा एक प्रकारको चिसोको जलन भइरहेको थियो। घरीघरी म आफैँ माथि शंका गर्थें। भगवानमा विश्वास नगर्ने म हामी सफल होऔँ भनेर मनमनै प्रार्थना गरिरहेको हुन्थें।"

बुढामगरले तिव्र गतिको हावा र त्यो चिसोले आफूलाई उचाइमा पुग्नबाट रोक्न सक्दैन भन्ने आत्मविश्वासले कठिन चुनौती पुरा गर्न सफल भएको बताउनुभयो। युद्धमै मृत्यु जितेर पुनर्जीवन पाएको स्मरण गर्दै उहाँले हरेक काममा चुनौती हुने तर त्यसलाई पार गर्न आत्मविश्वास आवश्यक हुने बताउनुभयो। निरन्तर र अथक प्रयासले मात्र यो सम्भव भएको उहाँको बुझाइ छ। "यो एक अद्भुत अनुभूति हो। म बयान गर्नै सक्दिन कि हामीले यो कसरी सम्भव तुल्यायौँ। तर, सातै महादेशका उच्च सात शिखर सफलतापूर्वक आरोहण गरेका छौँ। म धेरै भावुक छु। अपाङ्गता भएको व्यक्तिको रूपमा मैले यो असम्भव काम सम्पन्न गरेको छु", उहाँले भन्नुभयो, "हिमालको पानी पिएको नेपालीले गरेको यो कामले नेपालको शीर उँचो बनाउने काममा केही योगदान पक्कै गर्छ भन्ने लागेको छ। मलाई यो कामका लागि हौसला र निरन्तर सहयोग गर्ने सबैलाई मनैदेखि धन्यवाद दिन चाहन्छु।"

मगरले यसअघि १९ मे २०२३ मा सर्वोच्च शिखर सगरमाथा (८,८४८.८६ मिटर), ८ जनवरी २०२० मा अफ्रिकाको तान्जानियास्थित माउन्ट किलिमन्जारो (५,८९५), २८ जुन २०२४ मा उत्तर अमेरिकाको अलास्कास्थित डेनाली (६,१९०), २२ फेब्रुअरी २०२५ मा दक्षिण अमेरिकाको अर्जेन्टिनास्थित एकोनकागुआ (६,९६१) को सफल आरोहण गर्नुभएको थियो। त्यसैगरी उहाँले न्यु गिनीको पुन्चाकजयु (४,८८४), १३ अगस्ट २०१९ मा फ्रान्सको मोन्ट ब्ल्याङ्क (४,८०९ मिटर) को सफल आरोहण गर्नुभएको र गत बुधबार अन्टार्टिकाको माउन्ट भिन्सनको सफल आरोहण गर्नुभएको हो। योसँगै उहाँले दुवै खुट्टाको घुँडामुनिको भाग गुमाएर पनि सातै महादेशका अग्लो चुचुरो आरोहण गर्ने नयाँ किर्तिमान बनाउनु भएको छ।

सेभेन समिटको रूपमा रूसको माउन्ट एल्ब्रस (५६४२ मिटर) आरोहणसमेत समावेस गरिएको भएपनि यो अहिले पहुँच योग्य नभएका कारण उहाँले फ्रान्सको मोन्ट ब्ल्याङ्क आरोहण गर्नु भएको थियो। यसलाई गिनिज वर्ल्ड रेकर्ड्सले समेत मान्यता दिएको बताइएको छ।

कृत्रिम खुट्टाको भरमा अन्टार्टिकाको माउन्ट भिन्सन चढेर नेपाली झण्डा फहराउनु भएका हरिले हरेक खतरा पार गरेपछि एक सुन्दर समय आउने उदाहरण विश्वसामु प्रस्तुत गर्नुभएको छ। माउन्ट भिन्सनमा पाइला टेक्दाको अनुभूति साट्दै उहाँले रासससँग भन्नुभयो, "आँखाले देखेजति क्षितिज सम्मै सबैतिर हिउँ नै हिउँ, यो चामत्कारिक र स्वर्गजस्तै लाग्थ्यो।"

आफूलाई धेरै पटक यस्ता चुनौतीपूर्ण काम तपाईँ जस्ता व्यक्तिले गर्ने होइन भन्ने गरेको स्मरण गर्दै उहाँले भन्नुभयो, "तपाईंको शारीरिक अवस्थाकै कारण तपाईंलाई कसैले केही गर्न सक्दैन भन्छन् भने मलाई देखाउनुहोस/हेर्नुहोस्।" उहाँले आफ्नो यो सफलताले विश्वभर अपाङ्गता भएका व्यक्तिको जीवन परिवर्तनका लागि सकारात्मक सन्देश प्रवाह गर्ने विश्वास व्यक्त गर्नुभयो।

सबै नेपाली आरोहण दलका सदस्य अविरल राई, मिङ्मा शेर्पा र जाङ्बु शेर्पासहितलाई साथमा लिएर उहाँले २४ घण्टानै उज्यालो रहने अन्टार्टिकाको युनियन ग्लेशियरबाट आधारशिविरतर्फ लाग्नु भएको थियो। उहाँको आरोहण दलले ६ जनवरी २०२६ राति १० बजे माउन्ट भिन्सनको शिखरमा पाइला टेकेको हो।

रोल्पाको थवाङ गाउँपालिकास्थित मिरुल गाउँमा जन्मिनुभएका पूर्व गोर्खा सैनिक हरि बुढामगरले सन् २०१० मा अफगानिस्तानमा तालिवानसँगको युद्धमा पैदल गस्ती जाने क्रममा एक भूमिगत बम विस्फोटबाट दुबै खुट्टा गुमाउनु भएको थियो। १५ वर्षसम्म उहाँले ब्रुनाइ, कोसोभो, फकल्याण्ड र अन्य ठाउँमा काम गर्दै पाँच महादेशमा गोर्खा सैनिकको रूपमा काम गर्नुभएको थियो। तीन सन्तानका पिता हरि, हाल परिवारसहित बेलायत क्यान्टबरी केन्टमा बस्दै आउनु भएको छ।

गतवर्ष बेलायतको प्रतिष्ठित 'एमबीई' अवार्ड प्राप्त गर्नु भएका उहाँ 'प्राइड अफ ब्रिटेन बेलायत' गौरव अर्वाडका विजेता समेत हुनुहुन्छ। दुबै खुट्टा गुमाएपछि चरम निराशा र मदिरा सेवनले आत्महत्याको प्रयास सम्म गर्नुभएका उहाँले ती दिन स्मरण गर्दै आफूलाई स्काइ डाइभिङको मौकाले जीवनमा नयाँ परिर्वतन ल्याएको बताउनुभयो।

उहाँले विश्वको सर्वोच्च शिखर सगरमाथाको देशका मानिस उच्च साहस र दृढ विश्वासी छन् भन्ने सन्देश दिन सफल भएको सुनाउनुभयो। उहाँले आफ्नो सफलता अपाङ्गता भएका समुदायलाई समर्पित गरेको बताउनुभयो। आफ्नो सफलताको खुसी बाँड्न उहाँ माघ १ गते काठमाडौँ ओर्लँदै हुनुहुन्छ। त्यसपछि बेलायत फर्केर बेलायतका प्रधानमन्त्रीलाई भेट्ने योजना रहेको उहाँले जानकारी दिनुभयो।रासस

# चितवनमा आगन्तुक जलपक्षी गणना सकियो



चितवन। चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा हिउँदे आगन्तुक जलपक्षी गणना सकिएको छ। यही पुस २४, २५ र २६ गते (जनवरी ८, ९ र १० तारिख) जिल्लामा जलपक्षी गणना गरिएको हो। नेपालमा हरेक वर्ष जनवरी ३ बाट १८ तारिखसम्म जलपक्षी गणना गर्ने गरिन्छ।

नेपाल पक्षीविद् सङ्घ बागमती प्रदेशका अध्यक्ष वासु विडारीका अनुसार चितवनको लोथरदेखि गणना गरिएको हो। नदीहरुमा ताल तलैयामा चरा गणना गरिएको हो। गणनाका लागि ७० चराविज्ञ सहभागी भएका थिए। उनीहरुले अहिले जलपक्षीको प्रजाती छुट्याउने काम गरिरहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "अहिले अध्ययनको काम चलिरहेको छ, एक दुई दिनमा नतिजा आउँछ।"

लोथर खोलाबाट, जिन्दगानीघाट, सौराहा, ढुङ्गे खोला, कसरा पुल हुँदै राप्ती नदीमा चरा गणना गरिएको छ। नरायणी नदी, माडीको रिउ खोला, बाटुलीपोखरी, कुमाल ताल, टिकौली ताल, सत्रहजारी ताल र नहर क्षेत्र, निकुञ्जभित्रका लामिताल, तमोर ताल, पटना ताल, भण्डाराको मत्स्यपालन केन्द्र, बुढी राप्तीको चित्रसारी पुलबाट राप्ती दोभानसम्म गणना गरिएको हो।

वर्ड एजुकेशन सोसाइटी चितवनका अध्यक्ष विजय गिरीका अनुसार राप्ती नदीको घडगाईबाट गोलाघाटसम्म, नारायणीको पूर्वी भङ्गला, नारायणीकै गाँजापुरबाट गोलाघाटसम्म र दिव्यनगरका घोल एवं फाँटमासमेत गणना गरिएको छ।

वर्ड एजुकेशन सोसाइटी, नेपाल पक्षीविद् सङ्घ, राष्ट्रिय प्रकृति संरक्षण कोष, चितवन राष्ट्रिय निकुञ्ज, मध्यवर्ती सामुदायिक वनको सहकार्यमा गणना गर्न गरिएको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार पैदल, डुङ्गाको सहायता र गाडीबाट चरा गणना गरिएको हो। बाइनाकुलार क्यामेरा, जिपिएस, साउण्ड रेकडर लगायतको प्रयोग गरी चराको गणना गरिएको हो। गत वर्ष चितवनमा ५३ प्रजातिका आगन्तुक जलपक्षी भेटिएका थिए। सङ्घका अध्यक्ष विडारीका अनुसार देशभर ९०४ प्रजातिका चरा पाइन्छन् भने चितवनमा ६६२ प्रजातिका चरा पाइन्छन्। नेपालमा सन् १९८७ बाट चरा गणना थालिएको हो। यस वर्ष ६०औँ पटक गणना गरिँदै हो।

नेपालमा जलपक्षी ठूलो सङ्ख्यामा चीनबाट आउने गर्दछन्। मङ्गोलिया, रुसको दक्षिणी भाग, साइबेरीया,मध्य एशियालगायतका ठाउँबाट धेरै चरा आउँछन् भने पूर्वी युरोपबाट निकै कम चरा आउने उहाँले जानकारी दिनुभयो। चिसो छल्नका लागि चरा यहाँ आउने गरेको विडारीले बताउनुभयो। चराको रङ, शरीरको बनोट, आवाज हेरेर र सुनेर गणना गर्ने गरिएको छ।रासस

# ढिक्री बनाउन व्यस्त थारू समुदाय

तुलसीपुर। दाङको तुलसीपुर उपमहानगरपालिका-१२ कचेलीकी जानकी चौधरीलाई अहिले ढिक्री बनाउने चटारो छ। माघी नजिकिएसँगै उहाँ अहिले ढिक्री बनाउनमा नै व्यस्त हुनुहुन्छ। त्यस्तै तुलसीपुर १० बनकाउकी विझौनी थारूलाई पनि अहिले ढिक्री बनाउन भ्याइनभ्याइ छ। उहाँहरू मात्रै होइन, माघी नजिकिएसँगै अहिले थारू समुदायमा ढिक्री बनाउने चटारो छ। थारू समुदायले हरेक चाडपर्वमा मुख्य परिकारका रूपमा ढिक्री पकाउने गर्छन्। सुङ्गुरको मासु, माछा, घोँगीलगायतसँग ढिक्री खाने चलन छ। यी परिकार थारू समुदायका प्रख्यात परिकार हुन्।

**कसरी बनाइन्छ ढिक्री ?**

चामलको पीठोबाट ढिक्री बन्छ। चामलाई मुछेर त्यसलाई लाम्चो आकार दिइन्छ। खासगरी माघीमा लाम्चो आकार दिए पनि दसैँमा भने गोलो आकारको बनाइन्छ। त्यस्तै तिहारमा चेप्टो, दियो जस्तो बनाइन्छ। त्यसलाई पानीको बाफमा आधा घण्टा जति उसिनेपछि ढिक्री तयार हुन्छ। खासगरी उसिनेर ढिक्री बनाइने भएकाले त्यसले स्वास्थ्यमा असर गर्दैन। किनकि त्यसमा चिल्लो पनि हुँदैन भने चिनी पनि राखिँदैन। यसरी ढिक्री खाएमा मान्छेको आयु बढ्ने पौराणिक मान्यता रहेको छ। रासस

# नेप्से परिसूचकमा सामान्य अङ्कको गिरावट

काठमाण्डु। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ। नेप्से परिसूचक पाँच दशमलव ५४ अङ्कले घटेर दुई हजार ६३५ को बिन्दुमा कायम भएको छ। सोमबार ३३३ कम्पनीको एक करोड २३ लाख नौ हजार ७४४ कित्ता शेयर ७८ हजार ८०८ पटक खरिदबिक्री हुँदा रू छ अर्ब ४७ करोड २६ लाख सात हजार ८०१ दशमलव ६१ को कारोबार भएको नेप्सेले जनाएको छ।



सोमबारको कारोबारमा विकास बैंक शून्य दशमलव शून्य दुई, होटल तथा पर्यटन शून्य दशमलव १०, उत्पादन तथा प्रशोधन एक दशमलव शून्य दुई, र म्युचुअल फण्ड शून्य दशमलव ११ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। बैंकिङ शून्य दशमलव २५, वित्त शून्य दशमलव ५३, जलविद्युत् शून्य दशमलव ११, लगानी शून्य दशमलव ४२, जीवन बिमा शून्य दशमलव १८, लघुवित्त शून्य दशमलव ६६, निर्जीवन बिमा शून्य दशमलव १४, व्यापार एक दशमलव १६ र अन्य समूह शून्य दशमलव २९ प्रतिशतले घटेको छ। एसवाई प्यानल नेपाल लिमिटेड र श्रीनगर एग्रीटेक इन्डस्ट्रिज लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा बढी सुपर मादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्य चार दशमलव २४ प्रतिशतले घटेको छ।रासस

# कमला पुल असारभित्रै सञ्चालनमा आउने

**लुम्बिनी बिल्डर्सका साईट इन्चार्ज सुदिप थापाले अहिले दैनिक ४० देखि ५० जना कामदारहरुको टोलीले पुल मर्मत र संरचना निर्माणका लागि खटाइएको छ । पप्पु लुम्बिनी जेभीले पुल निर्माण गर्ने ठेक्का पाएपनि पप्पु कन्सट्रक्सनलाई सरकारले कालो सूचिमा राखेकोले अब लुम्बिनी बिल्डर्सले एक्लै सो बाँकी निर्माण तथा मर्मतका कार्यहरु गरिरहेको साईट इन्चार्ज थापाले बताए ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । सिरहा र धनुषा जिल्लालाई जोड्ने कमला नदी पुलको पुनःनिर्माण कार्य तीव्र गतिमा अघि बढाइएको छ । लामो समयदेखि अलपत्र अवस्थामा रहेको पुललाई असार मसान्तसम्म सम्पन्न गर्ने लक्ष्यसहित संरचनात्मक र फिनिसिङसम्बन्धी काम तीव्रगतिमा भइरहेको जनाइएको छ।



लुम्बिनी बिल्डर्सका साईट इन्चार्ज सुदिप थापाले अहिले दैनिक ४० देखि ५० जना कामदारहरुको टोलीले पुल मर्मत र संरचना निर्माणका लागि खटाइएको छ। पप्पु लुम्बिनी जेभीले पुल निर्माण गर्ने ठेक्का पाएपनि पप्पु कन्सट्रक्सनलाई सरकारले कालो सूचिमा राखेकोले अब लुम्बिनी बिल्डर्सले एक्लै सो बाँकी निर्माण तथा ममर्तका कार्यहरु गरिरहेको साईट इन्चार्ज थापाले बताए।

उनले अहिले ४० प्रतिशत काम सम्पन्न भइसकेको र बाँकी रहेको ६० प्रतिशत काम पनि निर्धारित समय भित्रै सम्पन्न हुनेमा कुनै शंका नरहेको बताउँदै असार मसान्तभित्रै उक्त पुलबाट आवतजावत सुरु हुने दाबी गरेका छन् ।

हुलाकी राजमार्ग अन्तर्गत पर्ने यो पुल निर्माणको जिम्मा पाएको ठेकेदार कम्पनीले विगतमा पटक-पटक समयसीमा उल्लंघन गर्दा पुल १४ वर्षसम्म अधुरो रहँदै आएको थियो । पुल निर्माण समयमै सम्पन्न नहुँदा सिरहा र धनुषाका स्थानीय बासिन्दा जोखिमपूर्ण बाटो प्रयोग गर्न बाध्य थिए।

राजमार्ग हुँदै घुमेर जाँदा करीब ६० किलोमिटर बढी घुमेर जानु पर्ने बाध्ता यो पुल निर्माणपछि हट्ने स्थानीयहरुको भनाई । पछिल्लो समय सरकार र सडक विभागको दबाबपछि पुनःनिर्माण कार्यलाई तीव्रता दिइएको हो।

सरकारका उच्च अधिकारी तथा भौतिक पूर्वाधार मन्त्रालयका प्रतिनिधिले समेत पुलको स्थलगत निरीक्षण गर्दै निर्माण कार्यमा ढिलाइ हुन नदिन निर्देशन दिएका थिए । उनीहरूले कमला पुल क्षेत्रीय आवागमनका लागि मात्र नभई मधेश प्रदेशको आर्थिक र सामाजिक विकासका लागि पनि अत्यन्त महत्वपूर्ण रहेको बताएका छन्।

पुल सञ्चालनमा आएपछि सिरहा, धनुषा, सप्तरी लगायतका जिल्लाबीचको आवागमन सहज हुने, व्यापार-व्यवसाय प्रवर्द्धन हुने तथा स्थानीय बासिन्दाले लामो समयदेखि भोग्दै आएको सास्ती अन्त्य हुने अपेक्षा गरिएको छ।

२०७८ असार १७ मा कमला नदीमा आएको बाढीले पुलको दुईवटा जग भासिएर ४ वटा स्लावमा क्षति पुगेको थियो । क्षति पुगेका स्लावमध्ये सिराहातर्फ (पूर्व)को २ वटा स्लाव हटाइएको छ भने धनुषा (पश्चिम) पट्टिको २ वटा स्लाव हटाउन नपर्ने प्राविधिक अध्ययनबाट देखिएको छ।

पुलको पूर्वतर्फ (सिराहा)को सबस्टक्चर काम सकिएको छ । सिराहातर्फका २ वटा स्लाव हटाई एउटा जग भासिएकोमा उक्त स्थानमा दुइवटा जग राखी जगसहित सब स्ट्रक्चरको का सकिएको छ। अब प्लेट गडर राख्न बाँकी रहेको छ। उक्त प्लेट गडर बनाउने काम चितवनमा भइरहेको छ । गडर तयार भएपछि पुलमा लगेर जडान गरिने छ।

तराई/मधेशको लाइफ लाइनका रूपमा रहेको हुलाकी राजमार्गमा पर्ने कमला पुल निर्माणका लागि २०६८ को जेठमा २४ करोड ९१ लाख (भ्याटसहित)मा पप्पु लुम्बिनी जेभीसँग ठेक्कासम्झौता भएको थियो। सुरुको सम्झौता बमोजिम पुल निर्माण २०७१ को मंसिरमा सम्पन्न हुनुपर्ने थियो।

तोकिएको समयमा पुल निर्माण हुन नसकेपछि सातौं पटक थपिएको ठेक्का सम्झौताको म्याद गत असारमा सकिएको थियो । निर्माण व्यवसायीबाट आगामी असारसम्मका लागि म्याद थपका लागि आग्रह गर्दा म्याद थप भएको बुझिएको छ। हालसम्म २० करोड ४३ लाख (भ्याट) सहित भुक्तानी भइसकेको छ।

# निर्वाचन चिन्ह प्रदान

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि मधेश प्रदेशबाट विभिन्न राजनीतिक दलका तर्फबाट उम्मेदवारी दिएकाहरुलाई निर्वाचन चिन्ह प्रदान गरिएको छ।



राष्ट्रिय सभा सदस्य निर्वाचन कार्यालयका मुख्य निर्वाचन अधिकृत सुभाषबाबु पुरीले दलीय हिसाबले उम्मेदवारहरूलाई निर्वाचन चिन्ह प्रदान गरेका हुन् । कांग्रेसका उम्मेदवारलाई रुख, एमालेका उम्मेदवारलाई सुर्य, जसपा नेपालका उम्मेदवारलाई ढल्केको छाता, लोसपाका उम्मेदवारलाई साइकल छाप चुनाव चिन्ह प्रदान गरिएको मुख्य निर्वाचन अधिकृत पुरीले जनाएको छ।

महिला समूहमा नेकपा एमालेका रेखा कुमारी झा, नेपाली कम्युनिष्ट पार्टीका शमी कुमारी अग्रवाल र जनता समाजवादी पार्टी नेपालका चन्द्र कला देवी रहेका छन् ।

दलित समूहमा नेपाली काँग्रेसका धर्मेन्द्र पासवान, नेपाली कम्युनिष्ट पार्टीका शम्भु पासवान हजारी, जनता समाजवादी पार्टीका चमेली देवी दास, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यकमा नेपाली काँग्रेसका रञ्जित कर्ण, नेपाली कम्युनिष्ट पार्टीका रामानन्द प्रसाद र जनता समाजवादी पार्टी नेपालका शैलेश कुमार चौधरी रहेका छन् ।

यसैगरी अन्य समूहमा नेपाली कम्युनिष्ट पार्टीका लक्ष्मण पौडेल र लोकतान्त्रिक पार्टी नेपालका महन्थ ठाकुर रहेका छन्। माघ ११ गते जनकपुरधामका महेन्द्र नारायण निधि मिथिला साँस्कृतिक भवनमा चुनाव हुनेछ। सो चुनावमा प्रदेश सभा सदस्य तथा पालिकाका प्रमुख तथा उपप्रमुखले मतदान गर्ने कार्यक्रम रहेको छ । मधेश प्रदेशमा कांग्रेस–एमाले–जसपा नेपाल गठबन्धन बलियो देखिएको छ।

जसपा नेपाल–लोसपा एकीकृत भएका कारण गठबन्धनले लोसपा उम्मेदवार ठाकुरलाई समर्थन जनाएका छन् भने सहमति विपरित जसपा नेपालले अन्य बाहेकका तीन समूहमा उम्मेदवारी गराउंदा तिनीहरुलाई निष्क्रिय पार्ने सहमति भएको छ।

# नगरप्रमुख भ्रष्टाचारी ठहर, एकलाख जरिवाना

**टुडे समाचारदाता**

लहान । भ्रष्टाचार मुद्दामा आरोपमा सिरहाको कल्याणपुर नगरपालिकाका तत्कालीन नगरप्रमुख रामपुकार साह विशेष अदालतबाट दोषी ठहर भएका छन् । विशेष अदालतका न्यायाधीश सुदर्शनदेव भट्ट, हेमन्त रावल र उमेश कोइरालाको संयुक्त इजलासले साहलाई दोषी ठहर गर्ने फैसला गरेको अदालतका प्रवक्ता कृष्णशरण लामिछानेले जनाएको छ।



लामिछानेका अनुसार साहलाई दोषी ठहर गर्दै अदालतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा १ लाख रुपैयाँ जरिवाना र सोही उपदफाको (ख) बमोजिम ६ महिना कैद सजाय सुनाएको छ।

अख्तियारको टोलीले साहलाई गत असार ३२ मा सेवाग्राहीसँग १ लाख रुपैयाँ घुस लिएको अवस्थामा कार्यालयबाटै पक्राउ गरेको थियो । साहले कल्याणपुर ६ स्थित नाला निर्माण योजनाको कार्य सम्पन्न भई भुक्तानीको चेक दिने क्रममा उपभोक्ता समितिका प्रतिनिधिसँग घुस लिएका थिए।

सेवाग्राहीसँग १ लाख रुपैयाँ घुस स्वरुप लिएको आरोपसहित अख्तियारले गत साउन २३ मा उनीमाथि विशेष अदालतमा भ्रष्टाचार सम्बन्धी मुद्दा दायर गरेको थियो। यसै प्रकरणमा बयान फेरेको भन्दै मंसिर २६ मा उजुरीकर्तासमेत रहेकी उपभोक्ता समितिकी अध्यक्ष जसोधा कुमारीमाथि पनि अख्तियारले भ्रष्टाचार मुद्दा दर्ता गरेको थियो।

तर, जसोधाले भने सफाइ पाएकी छन् । जसोधाले प्रतिकूल हुने बयान दिए पनि मिसिलमा संलग्न विभिन्न प्रमाणबाट साहले घुस लिई भ्रष्टाचार गरेको विषय ठहर भइसकेकोले जसोधाले सफाइ पाउने ठहर्ने अदालतको फैसलामा भनिएको छ।

# घाम लागेपछि राहत

**टुडे समाचारदाता**

जनकपुरधाम । गत महिना देखि जारी शीतलहरका कारण अत्यधिक चिसोले अस्तव्यस्त बनेको तराई मधेशका क्षेत्रमा घाम लागेपछि सर्वसाधारण निकै राहत महसूस गरेका छन् ।

मधेशका राजधानी जनकपुरलगायतका क्षेत्रमा सोमबार घाम लागेपछि सर्वसाधारणले निकै राहत महसुस गरेका छन् । विगत ४ सातापछि सोमबार बिहानै ७ बजे घाम लागेपछि शीतलहर, कुहिरो र हुस्सुका कारण अत्तिनै पिडित बनेका मधेशका सर्वसाधारणले राहत महसुस गरेका हुन् ।

चिसो र जाडोले व्यापक समस्या पारेको बेला जनकपुर र सो वरिपरि पारिलो घाम लागेकोले जनजीवन चलायमान बनेको छ। स्थानीयले घाम लागेसँगै नुहाउने र लुगा धोएर सुकाउने काम गरेका छन् । शितलहरका कारण विशेषगरी वृद्धवृद्धा, बालबालिका, सुत्केरी महिला र दैनिक ज्याला मजदुरी गर्ने सबभन्दा बढी प्रभावित भएका छन् ।

लगातार चार साताको शीतलहर र अत्याधिक चिसोका कारण घाम लाग्न नसकेपछि मानिस मात्र नभइ बोट बिरुवा, पशुपन्छी र कृषिजन्य वस्तु समेत नराम्ररी प्रभावित भएको हो ।

१५ वर्षपछि यस वर्ष धेरै दिनसम्म लगातार शीतलहर चल्नुका साथै घाम नलाग्ने सम्मका समस्या देखिएको हो । यसकारण सडकमा यातायातका सवारीसाधन र हवाई उडान समेत प्रभावित बनेको थियो ।

# रघुनाथपुरमा सोलार प्लान्ट निर्माण



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको धनुषाधाम स्थित रघुनाथपुरमा सौर्य ऊर्जा अन्तर्गत सोलार प्लान्ट निर्माण गरिने भएको छ । जानकी इनर्जी प्राइभेट लिमिटेडले ब्याट्री स्टोरेज सिस्टम सहितको सोलार प्लान्ट निर्माण गर्न लागेको हो ।

कम्पनीले आयोजना निर्माणको लागि सर्भे लाईसेन्सको माग गर्दै विद्युत विकास विभागमा गत मङ्सिर १० गते आवेदन दिएको थियो। यस आयोजना क्षमता ६ मेगावाटको हुने छ। आयोजनामा ५.६२५ मेगावाट घण्टाको ब्याट्री इनर्जी स्टोरेज पनि रहने जनाइएको छ।

निर्माण सम्पन्न भएपश्चात यो आयोजना सो क्षेत्र कै ब्याट्री स्टोरेजसहितको प्रमुख आयोजना हुने छ भने यो परियोजनाले ५,००० भन्दा बढी घरधुरीलाई नियमित तथा विश्वसनीय स्वच्छ ऊर्जा उपलब्ध गराउने अपेक्षा गरिएको छ। निर्माण सामग्री, प्राविधिक काम, सञ्चालन तथा मर्मतसम्भारमा स्थानीय बासिन्दालाई प्राथमिकता दिइने कम्पनीले जनाएको छ।

सूर्यको किरणबाट उत्पादित विद्युत्लाई ब्याट्रीमा भण्डारण गरी आवश्यक समयमा (विशेष गरी साँझ र राति) वितरण गर्न सकिने भएकाले यो परियोजना नेपालको मौसमी जलविद्युत्मा निर्भरताको समस्यालाई कम गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । परियोजनाले कार्बन उत्सर्जनमा उल्लेखनीय कमी ल्याउने र राष्ट्रिय ग्रिडमा निर्भरता घटाउने बताइएको छ।

यसले वातावरण संरक्षणमा ठूलो योगदान पुग्नुका साथै भविष्यका लागि नवीकरणीय ऊर्जा विकासको नमुना परियोजनाको रूपमा स्थापित हुने विश्वास गरिएको छ। यसबाहेक, परियोजनाको निर्माण तथा सञ्चालन चरणमा स्थानीय स्तरमा रोजगारी सिर्जना हुने र स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

# बेली ब्रिज निर्माण शुरु

**टुडे समाचारदाता**

वीरगञ्ज । गत आर्थिक वर्षमा विनियोजन भएपनि बजेट कटौतीले निर्माण हुन नसकेको गण्डक नहरस्थित तिलाबे खोलाको बेली ब्रिजको निर्माण अहिले सुरु गरिएको छ।



नारायणी सिँचाइ व्यवस्थापन कार्यालय वीरगन्जका सूचना अधिकृत एवं इन्जिनियर सुरेशप्रसाद साहले उक्त बेली ब्रिज निर्माणको पुनः टेण्डर आह्वान भएपछि यसै सातादेखि बेली ब्रिज निर्माणको काम सुरु भएको बताए।

'तीन-चार दिनअघिदेखि ठेकेदार ममता इन्टरप्राइजेज एण्ड कन्सट्रक्सन प्रालि भक्तपुरले साइट सफा गर्ने र सामान झार्ने आदि काम सुरु गरेको छ,' उनले भने, '२०८२ मंसिर २९ मा पुल निर्माणको सम्झौता भई २०८३ जेठ १ सम्ममा पुल निर्माण गरी हस्तान्तरण गरी सक्नुपर्ने छ।'

पर्सा जिल्लास्थित सो ४८ मिटर लामो बेली ब्रिज निर्माणको ठेक्का कम्पनीले २ करोड ४६ लाख ६० हजार ८ सय १२ रुपैयाँ १७ पैसामा (मूल्य अभिवृद्धि करसहित) पाएको हो।

जेनजी आन्दोलनपछि सरकारले अधिकांश योजनाको बजेट कटौती गर्दा यो पुलको बजेट पनि कटौतीमा परेको थियो । जिल्लाको उत्तरी पश्चिमी भेगसँग जोड्ने गण्डक नहरको साबिकको पक्की पुल अढाई वर्षअघि बाढीले क्षतिग्रस्त भएको थियो।

उक्त खोलामा गत वर्ष नै निर्माण हुने चर्चा चलेर अन्त्यमा बजेट व्यवस्थापन नभएपछि गत आवमा पनि बेली ब्रिज निर्माण गर्ने योजना अलपत्र परेको थियो। गत वर्ष पनि बेली ब्रिज निर्माणका लागि टेण्डर आह्वान गरेको थियो।

वीरगन्ज महानगरपालिका र बहुदरमाई नगरपालिकाको सीमामा रहेको तिलाबे खोलामा बेली ब्रिज निर्माणका ३ करोड ३० लाख रुपैयाँको टेण्डर आह्वान गरेकामा प्रतिस्पर्धामा ज्वाइन्ट भेन्चरको कम्पनी मेदान्त/महम्मद इस्लामले ३ करोड १७ लाख रुपैयँमा ठेक्का सकारसमेत गरिसकेको थियो । तर बेली ब्रिज निर्माणका लागि बजेटको सुनिश्चितता नभएपछि बेली ब्रिज निर्माणको योजना अनिश्चित भएको थियो।

# प्रेस स्वतन्त्रता हननमा मधेश दोश्रो

**टुडे समाचारदाता**

जनकपुरधाम । सन् २०२५ प्रेस स्वतन्त्रता हननको घटनामा मधेश प्रदेश दोश्रो स्थानमा परेको छ । प्रेस काउन्सिल नेपालले सार्वजनिक गरेको तथ्याङ्क अनुसार सन् २०२५ जनवरी १ देखि डिसेम्बर ३१ सम्मको अवधिमा देशभर प्रेस स्वतन्त्रता हननका १२१ वटा घटनामा मधेश प्रदेश २७ वटा रहेको छ।




सबभन्दा बागमती प्रदेशमा मात्र ६२ घटना अभिलेख भएका छन् भने मधेश प्रदेशमा २७, सुदूरपश्चिम प्रदेशमा ८, कोशी प्रदेशमा ७, लुम्बिनी र गण्डकी प्रदेशमा समान ६/६ तथा कर्णाली प्रदेशमा ५ घटना भएको छ।

मधेश प्रदेशमा धम्की, दुर्व्यवहार र आक्रमणका घटना उल्लेख्य देखिएको छ । मधेश प्रदेशमा मात्र धम्की तथा दुर्व्यवहारका १५ र आक्रमण/कुटपिटका ११ घटना भएका छन्। सबैभन्दा बढी धम्की तथा दुर्व्यवहारका ५० घटना अभिलेख भएका छन्, जुन कुल घटनाको ठूलो हिस्सा हो।

प्रतिवेदनमा उल्लेख भएअनुसार आक्रमण, कुटपिट तथा आगजनीसम्बन्धी ३७ घटना भएका छन् । यसले समाचार सङ्कलन र प्रकाशनको क्रममा पत्रकारहरू प्रत्यक्ष भौतिक जोखिममा रहेको देखाउँछ। यस्तै, पेसागत असुरक्षाका १५, कब्जा तथा अवरोधका ९, पकाउ तथा पकाउ प्रयासका ५ घटना भएका छन्।

काउन्सिलमा दर्ता भएका निवेदन र नियमित अनुगमनका आधारमा तयार पारिएको प्रतिवेदन अनुसार पत्रकार र सञ्चारमाध्यमहरू विभिन्न किसिमका धम्की, दुर्व्यवहार, आक्रमणदेखि पेसागत असुरक्षासम्मका घटनाको सिकार बनेका छन्।

यस अवधिमा दुई जना पत्रकारको शङ्कास्पद मृत्यु भएको विवरण पनि काउन्सिलले सार्वजनिक गरेको छ । यस्तै, प्रेस स्वतन्त्रतामाथि नीतिगत बन्देज लगाइएको २ घटना र लैङ्गिक हिंसासम्बन्धी १ घटना अभिलेख गरिएको छ।

लैङ्गिक आधारमा गरिएको विश्लेषणलेपनि पत्रकारिताकोअवस्था झन् चिन्ताजनक देखाएको छ। एक वर्षको अवधिमा १९० पुरुष र १० महिला गरी जम्मा २०० जना पत्रकार तथा सञ्चारमाध्यम प्रेस स्वतन्त्रता प्रयोग गर्न अवरोधमा परेका छन् । महिला पत्रकारमाथि लैङ्गिक हिंसाको घटना न्यून देखिए पनि जोखिम पूर्ण रूपमा हटेको भने छैन।

प्रतिवेदनले प्रेस स्वतन्त्रताको हननसँगै यसको दुरुपयोगका घटनालाई पनि औंल्याएको छ। सन् २०२५ मा प्रेस स्वतन्त्रताको दुरुपयोगका १० घटना अभिलेख भएका छन्। तीमध्ये बागमती प्रदेशमा ५, मधेश प्रदेशमा ४ र कर्णाली प्रदेशमा १ घटना भएको काउन्सिलले जनाएको छ।

# हतियार बुझाउन प्रहरीको आग्रह

**टुडे समाचारदाता**

जलेश्वर । जिल्ला प्रहरी कार्यालय महोत्तरीले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न इजाजत प्राप्त हातहतियार अनिवार्य रूपमा बुझाउन निर्देशन दिइएको छ।

जिप्रका महोत्तरीले सार्वजनिक सूचना जारी गरी जिल्लाभित्र रहेका इजाजत प्राप्त हातहतियार धनीहरूलाई सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र नजिकको प्रहरी इकाइ वा जिल्ला प्रहरी कार्यालय महोत्तरीमा हातहतियार बुझाउन आग्रह गरेको हो।

निर्वाचनको समयमा सुरक्षा संवेदनशीलता बढ्ने भएकाले सम्भावित जोखिम न्यूनीकरण गर्न यस्तो निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए। उनका अनुसार बुझाइएका हातहतियारहरू निर्वाचन प्रक्रिया सम्पन्न भएपछि सम्बन्धित धनीलाई फिर्ता गरिनेछ र ती हातहतियार सुरक्षित रूपमा राखिनेछन्।

सूचनामा तोकिएको समयसीमाभित्र हातहतियार नबुझाएमा वा अटेर गरेमा प्रचलित कानुन बमोजिम हातहतियार जफत गरी कानुनी कारबाही अगाडि बढाइने चेतावनीसमेत दिइएको छ। जिल्ला प्रशासन कार्यालयले निर्वाचनलाई मर्यादित र शान्त वातावरणमा सम्पन्न गर्न सबै नागरिक, राजनीतिक दल तथा सरोकारवालाहरूलाई सहयोग गर्न आग्रह गरेको छ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८